
# लेखापरीक्षण प्रतिवेदन

## माई नगरपालिका, इलाम

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## माई नगरपालिका, इलाम

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/140

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इलाम।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ३१ लाख ७५ हजार, एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु. २ करोड १६ लाख ६८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२२ लाख २२ हजार समेत गरी रु.१४ करोड ७० लाख ६५ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्ब ३३ करोड ६४ लाख ७७ हजार लेखापरीक्षण गरिएकोमा रू. ६ करोड ५८ लाख २६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ८ लाख ४७ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ४५ लाख ४२ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५४ लाख २२ हजार , नियमित गर्नुपर्ने रु.३ करोड ५० लाख १५ हजार रहेको छ। गत वर्षसम्मको बेरुजू मध्ये फस्यौंट भई रु. ४३ करोड ८ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४९ करोड ५८ लाख ६२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने माई नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माई नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | ९१ | ६५८२६२८० | ० | ३८ | ८४७३५६ | ० | ८९ | ५३ | ६४९७८९२४ | ४५४२११६ | ३५०१४९०२ | २५४२१९०६ | ० | ० | ६०४३६८०८ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ४४२३८२००० | ० | ११४९९०९३ | ४३०८८२९०७ | ० | ६४९७८९२४ | ४९५८६१८३१ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ३४ | कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | ३६,००,००० |
| २ | २०७८/७९ | १० | प्रदेश संचितकोष दाखिला | ११,३३,००८ |
| ३ | २०७८/७९ | ३३ | अङ्ग्रेजी पाठ्य सामाग्री खरिद तथा वितरण | १०,५८,५९६ |
| ४ | २०७९/८० | ७६ | भाडा कर असूल नभएको | ५०,००० |
| ५ | २०७९/८० | २५ | पेश्की बाँकी | ७,७१,८०० |
| ६ | २०७९/८० | ७० | नपाउने बैठक भत्ता | ४,२५० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | ८४ | घटी मू.अ.कर | ६,९५३ |
| ८ | २०७९/८० | ६२ | कालिखोला ५ झोलुङ्गेपुल | ४६,३३,८५० |
| ९ | २०७९/८० | ७ | कर दायित्व | १३,१९६ |
| १० | २०७९/८० | ४५ | इन्धन खर्च | १,६०,७११ |
| ११ | २०७९/८० | ७१ | आ ले प वाट कायम भएका वेरुजू | ४,३९३ |
| १२ | २०७९/८० | ६१.३ | सेनिटरी प्याड | २८,४५६ |
| १३ | २०७९/८० | ४६ | वढी भुक्तानी | ३३,८८० |
| १४ | २०८०/८१ | ५७ | अनुपातिक कट्टी नगरेको | ५,९३३ |
| १५ | २०८०/८१ | ५५ | रितपूर्वक कर बिजक | ३,६४,८११ |
| १६ | २०८०/८१ | ९३ | बढी भ्रमण खर्च | ९,६०० |
| १७ | २०८०/८१ | ९६ | बढी भुक्तानी | ४,६४७ |
| १८ | २०८०/८१ | ८९ | पारिश्रमिक कर छुट | २९,४७२ |
| १९ | २०८०/८१ | १०४ | न्यून कर कट्टी | ७०,२९६ |
| २० | २०८०/८१ | ८६ | नपाउने भत्ता भुक्तानी | २०,००० |
| २१ | २०८०/८१ | ९१ | दोहोरो तलब भत्ता भुक्तानी | ४२,३७९ |
| २२ | २०८०/८१ | २६ | जिन्सी दाखिला | १,३०,१०५ |
| २३ | २०८०/८१ | ८३ | करार कर्मचारीलाई प्रसुती स्याहार खर्च | ५,००० |
| २४ | २०८०/८१ | ९२ | कर दाखिला नगरेको | ८,५८८ |
| २५ | २०८०/८१ | ११६ | कर कट्टी | ३,१२५ |
| २६ | २०८०/८१ | २४ | इन्टरनेट व्यवस्थापन अनुदान | १,३२,००० |
| २७ | २०८०/८१ | ७५.२ | आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषयहरु | २,४०० |
| २८ | २०८०/८१ | ९८ | वढी भुक्तानी | १९,००० |
| जम्मा | | | | १,२३,४६,४४९ |

# (८०१०३४०३३०० - माई नगरपालिका, इलाम)

## परिचय

१

**(क) कार्यालय परिचय :-** शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १०वडा, ५४ सभा सदस्य, २६४.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०,७३२जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ । ०८। १० देखि २०८१ ।०८।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१३३६४७६५६६.४५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०८१ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्ष/प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुख श्री हिमा भण्डारीले मिति २०८०।३।१० मा रु.६२ करोड २४ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३ **जिम्मेवारी**

पालिकाले गत वर्षमा अन्तिम मौज्दात रहेको रकमलाई यस वर्ष जिम्मेवारी सार्नुपर्दछ ।यस पालिकाले सुत्र प्रणाली मार्फत तयार गरेको स्थानीय सरकारको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) को परीक्षण गर्दा गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा देहाय बमोजिम रु.७,१०,७०,२४८.४७ देखिएको छ । तथापी पालिकाले ग ५.१ स्थानीय तह विविध कोष खाता - मर्मत संभार कोष ७७/७८ मा गत वर्षको अन्तिम मौज्दात रहेको रु १८,१८,०४३.०० ऋणात्मक जिम्मेवारी देखिएकोमा यो वर्ष समेत सोही ऋणात्मक रकम जिम्मेवारी सारेको छ। यसरी गत वर्षको अन्तिम मौज्दात तथा यो वर्षको जिम्मेवारी ऋणात्मक सारेको सम्बन्धमा खुलासा गरेको छैन।ऋणात्मक जिम्मेवारी सारेको सम्वन्धमा वित्तीय विवरणमा खुलासा गरी हिसाव मिलान गर्नुपर्दछ ।

| **क्र.सं.** | **विवरण** | **गत वर्षको मौज्दात** | **यो वर्षको जिम्मेवारी** |
|---|---|---|---|
| १ | ग २.७ विविध खर्च खाता - LGCDP,स्वास्थ वीमा, लगायत विविध कार्यक्रम खर्च खाता | २५,४६,९८४.०० | २५,४६,९८४.०० |
| २ | ग ३.१ स्थानीय तह धरौटी खाता | १,५३,७५,३७६.२० | १,५३,७५,३७६.२० |
| ३ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ४,६२,१९,३२०.७३ | ४,६२,१९,३२०.७३ |
| ४ | ग ५.१ स्थानीय तह विविध कोष खाता - कर्मचारी कल्याण कोष | ५४,१८,२१९.५४ | ५४,१८,२१९.५४ |
| ५ | ग ५.१ स्थानीय तह विविध कोष खाता - मर्मत संभार कोष 77/78 | (१८,१८,०४३.००) | (१८,१८,०४३.००) |
| ६ | ग ५.१ स्थानीय तह विविध कोष खाता - लैगिक हिँसा निवारण कोष | ३,००,०००.०० | ३,००,०००.०० |
| ७ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता - माइ नगरपालिका प्रकोप व्यवस्थापन कोष | ३०,२८,३९१.०० | ३०,२८,३९१.०० |
| | **जम्मा** | **७,१०,७०,२४८.४७** | **७,१०,७०,२४८.४७** |

४ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु.७५०९७।०० फरक देखिएको छ । पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्ने देखिएको रु.

| खाता विवरण | श्रेस्ता अनुसार | वैङ्क अनुसार | फरक |
|---|---|---|---|
| स्थानीय तह विभाज्य कोष खाता | ६१,२७०.०० | ६१,२७०.०० | ०।०० |
| स्थानीय तह सञ्चित कोष खाता | १,४८,८४,१४२.६९ | १,४८,८४,१४२.६९ | ०।०० |
| स्थानीय तह धरौटी खाता | २,०६,००,७८१.१८ | २,०६,००,७८१.१८ | ०।०० |
| विविध खर्च खाता | ३,७६,११९.०३ | ३०१०२२।०३ | ७५०९७ |
| स्थानीय तह विविध कोष खाता | ७३,५०,१७६.५४ | ७३,५०,१७६.५४ | ०।०० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३०,०७,८९१.०० | ३०,०७,८९१.०० | ०।०० |
| **जम्मा** | **४,६२,८०,३८०.४४** | **४६२०५२८३।४४** | **७५०९७।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,०९७ |

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,३१,७४,७४९।१४ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,१६,६७,६९३।०० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२२,२२,४६८।७२ समेत गरी रु.१४,७०,६४,९१०।८६ सुत्रको अनुसूचीमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २ मा फिर्ता गरेको अनुदान रु.२,८०,११,०२७ मिति २०८१।३।२७ मा फिर्ता गरेको विवरण पेश भएको छ ।

| अनुदान विवरण | कुल प्राप्ती रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता गरेको रकम | गर्न वाँकी रकम |
|---|---|---|---|---|---|
| सङ्घीय शसर्त चालु | २१७८५३००० | २००४७६१३१.३४ | १७३७६८६८.६६ | १७३७६८६८.६६ | ०।०० |
| सङ्घीय शसर्त पुँजिगत | ३४६४४००० | २७२७६८२३. | ७३६७१७७. | ७३६७१७७. | ०।०० |
| सङ्घीय समपुरक अनुदान पुजिगत | १५०००००० | १५००००००. | ० | ० | ०।०० |
| प्रदेश शसर्त चालु | २३७५००० | २३६१२२५. | १३,७७५.०० | १३,७७५.०० | ०।०० |
| प्रदेश शसर्त पुँजिगत | ११०३२००० | ८४६४६२७. | २५६७३७३. | २५६७३७३. | ०।०० |
| प्रदेश समपुरक अनुदान पुजिगत | १३०००००० | १२३१४१६७. | ६८५८३३. | ६८५८३३. | ०।०० |
| **जम्मा** | **२९३९०४०००** | **२६५८९२९७३** | **२८०११०२७** | **२८०११०२७** | **०** |

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरी मिति २०८०।१।११ को बजेट सीमा निर्धारण समितिको निर्णय बमोजिम सशर्त अनुदान समेत रु.६०,८३,०१,००० को सीमा निर्धारण गरेको छ ।सोही सीमाका अधिनमा रही बजेट व्यवस्थापन गरेतापनि कानुनले तोकिएको सीमामा विषयगत शाखा तथा वडालाई सीमा उपलब्ध नगराएको तथा कानुनमा भएको क्षेत्रगत सीमा निर्धारण, प्राथमिकिकरण तथा बजेट तर्जुमा दिग्दर्सन तयार गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा आवधिक योजना तयार गरेको देखिएन। आवधिक योजनाको अभावमा पालिकाले वार्षिक कार्यक्रम छनौट गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ। पालिकाले आर्थिक वर्ष २०८१।८२ देखी आवधिक योजना तयार गरी कार्यान्वयन गरेको जानकारी गराएको छ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले कानुनमा भएको व्यवस्था बमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनि सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाकामा कार्यरत कर्मचारीको कार्यविवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची -२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी सार्वजनिकरण गरेको पाईएन।

• नगर अस्पताल तर्फ राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको छैन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि

मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण अद्यावधिक नगरेको तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो गरेको देखिएन ।

• पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो कार्यान्वियन गरेको छैन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको तथा पालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि कार्ययोजना तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२ ङ) अनुसार प्रमुख प्रशासकिय अधिकृतले आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन तयार गरि कार्यपालिकाको बैठकमा पेश गर्ने काम र कर्तव्य तोकिएकोमा सो कार्य पुरा भए गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी भ्रमण अभिलेख खाता अद्यावधिक गर्ने गरेको छैन।साथै अधिकांशत भ्रमण प्रतिवेदन तयार गरेको छैन ।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको अभिलेख तयार गरेको भएतापनि, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्नेमा विविध खर्च गर्दा खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गरेको देखिएन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमनवाट देखिएका कैफियत सहितका निर्णय समेत गरेको देखिने अभिलेख राखेको छैन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकालेम. ले. प. फाराम ८०१ -बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ -बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४- बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म.ले.प. फाराम ८०५-सम्परीक्षण गोश्वारा अभिलेख लगायतका विवरण अद्यावधिक राखेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट चालु तथा पूँजिगत शिर्षकमा रु.४,२६,६९,०००.०० बजेट घटाई रु२,६५,६९,०००.० रकमान्तरवाट थप गरेको छ भने बाँकी रकम बजेट कटौती गरेको देखिन्छ । उक्त रकम शुरु बजेट रु.६२ करोड २४ लाख ६१ हजारको तुलनामा ६.८५ प्रतिशत हुन आउँछ। पालिकाले रकमान्तर गर्दा चालु खर्च तथा पूँजिगत खर्चको मध्ये कुन खर्च शिर्षकवाट कुल खर्च शिर्षकमा रकमान्तर गरेको रकमान्तरको विवरण वाट खुलेको देखिएन । रकमान्तर गर्दा घटाएको खर्च शिर्षक र सो शिर्षकबाट वढाएको खर्च शिर्षक तथा कार्यक्रम स्पष्ट खुल्नेगरी रकमान्तरको अभिलेख गर्नुपर्ने साथै यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## ११ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०८०।८१ आर्थिक अन्तरसरकारी अख्तियारी तर्फको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय तथा पालिकातर्फको आन्तरिक लेखापरीक्षण सहायक पाँचौ (लेखा) लाई नगरसभाले आन्तरीक लेखापरीक्षकको जिम्मेवारी तोकी लेखापरीक्षण भएको छ। तथापी प्रत्येक चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन पेश भएको छैन । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी रहेतापनि हाल पदपूर्ती समेत भएको समेत देखिदैन । पालिकाले आन्तरीक लेखापरिक्षकको पदपूर्ती गराई कानुनमा भएको व्यवस्था बमोजिम चौमासिक रुपमा आन्तरिक लेखापरिक्षण गर्ने गराउने तर्फ ध्यानजानु पर्दछ ।

## १२ खरिद अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## १३ वार्षिक खरिद योजना/ गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ वार्षिक रु.१८,५५,८९,०९१.०० तथा अन्तरसरकारी अख्तियारी तर्फ रु.२,१६,६७,६९३।०० समेत रु.२०,७२,५६,७८४।०० पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ। पालिकाको नीति तथा कार्यक्रम बमोजिम कतिपय कार्यक्रम बहुवर्षिय प्रकृति समेत रहेको देखिन्छ ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यो वर्ष पालिकाको रु.१८ करोड ५५ लाख ८९ हजार पुँजिगत खर्च भएको चौथो त्रैमासिकमा कुल पुँजीगत खर्च मध्ये रु.८ करोड ३३ लाख ८० हजार अर्थात कुल खर्चको ४४.९३ प्रतिशत तथा आषाढ महिनामा मात्र रु.५ करोड ६ लाख ३७ हजार अर्थात कुल खर्चको २७. २८ प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले आषाढ महिनामा मात्र कुल पुँजिगत खर्चको २७.२८ प्रतिशत खर्च गरेको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र= सं | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | | त्रैमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पालिका पुँजीगत | १२२५३३.४७ | १३२२८.७५ | १८०६९.०४ | ४३३१४.१३ | ४७९२१.५६ | २५७९२.०९ |
| २ | संघीय शशर्त पुँजीगत | २७२७६.८२ | ०.०० | ३०१.८५ | ११६७७.०६ | १५२९७.९२ | १०९३०.७८ |
| ३ | संघीय विशेष पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | संघीय समपुरक पुँजीगत | १५०००.०० | ५१९६.७० | २७२१.४४ | १९४६.७२ | ५१३५.१४ | ५१३५.१४ |
| ५ | प्रदेश शशर्त पुँजीगत | ८४६४.६३ | ०.०० | ०.०० | ३५८२.८१ | ४८८१.८२ | ३५३०.६८ |
| ६ | प्रदेश विशेष पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | प्रदेश समपुरक पुँजीगत | १२३१४.१७ | ०.०० | ०.०० | २१७०.०० | १०१४४.१७ | ५२४७.९० |
| **जम्मा** | | **१८५५८९.०९** | **१८४२५.४४** | **२१०९२.३३** | **६२६९०.७१** | **८३३८०.६०** | **५०६३६.५८** |
| **खर्च प्रतिशत** | | **१००.००** | **९.९३** | **११.३७** | **३३.७८** | **४४.९३** | **२७.२८** |

### १५ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम १.२४७ प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ४९.१२४ प्रतिशत खर्च भएको देखिन्छ। क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | कुल मध्ये खर्चप्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिकविकास | ८२२१७०००. | ६०८८२४९५. | ७४.०५ | ११.४०३ |
| २ | सामाजिकविकास | २८७६४००००. | २६२२८६३३४.३४ | ९१.१९ | ४९.१२४ |
| ३ | पूर्वाधारविकास | ११८९४२०००. | १०२३६७७५९. | ८६.०७ | १९.१७३ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ८६०००००. | ६६५५६०८. | ७७.३९ | १.२४७ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १०९८८००००. | १०१७३७२४९.५६ | ९२.५९ | १९.०५४ |
| **कुल जम्मा** | | **६०७२७९०००.** | **५३३९२९४४५.९** | **८७.९२** | **१००.** |

### १६ बजेट अवण्डा

आर्थिक तथा कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली, २०७७ को नियम १६ को उप नियम ८ मा भएको व्यवस्था अनुसार वजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्था छ। यस पालिकाको बजेट नमुना छनौटका आधारमा विश्लेषण गर्दा यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई देहाय बमोजिमका ४ शिर्षकमा रु ६३ लाख अबण्डा बजेट व्यवस्थागरी विभिन्न योजनामा खर्च गरेको देखिन्छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको कारण वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छ भन्न सकिने अवस्था देखिएन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन बजेट अवण्डामा राख्ने परिपाटिको अन्त्यगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि नं | शिर्षक | बजेट रकम | संचालित कार्यक्रम संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | डिपिआर /आइ ईई | २०००००० | २ | २००००००.०० |
| २ | खानेपाई पाईप खरिद तथा मर्मत | १०,००,०००.०० | १५ | ६,६५,८४२.०० |
| ३ | साझेदारी कार्यक्रम | १३००००० | ४ | १०,६३,८१२.०० |
| ४ | विद्यालयमा खानेपानी शौचालय रंगरोगन लगायत विविध व्यवस्थापन | २०००००० | ७ | १७५७२१६.०० |
| | **जम्मा** | **६३०००००** | | **५४८६८७०** |

१७ **सार्वजनिक जग्गा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। पालिकाले मालपोत कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन। तथापी पालिकाले हालसम्म आफ्नो स्वामित्वमा प्राप्त भएको जग्गाको अभिलेख तयार गरेको छ।पालिकाले सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल रहे, नरहेको र त्यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै प्रकारवाट हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन। कानून बमोजिम सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१९ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को जिन्सी निरीक्षण समिति गठन नगरेको तथा जिन्सी निरीक्षण लेखापरीक्षण अवधि सम्म गरेको देखिएन। यसवाट पालिकाको स्वामित्वमा भएका जिन्सी सामानको अवस्था एकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२० **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७। ९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले गत विगत वर्षको मौज्दात

रहेका तथा जिन्सी निरीक्षण गरि मौज्दात देखिएका वडा कार्यालय र माताहतका स्वास्थ्य संस्था समेतमा रहेका जिन्सी सामानहरु Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा जिन्सी निरीक्षण गरी संख्या एकिन गरी PAMS अद्यावधिक गर्नु पर्नेमा नगरेको ,पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक नगरेको, विगतमा खरिद गरिएका स्वास्थ्य सम्बन्धी उपकरण इएमआइएस प्रणालीवाट पाम्स प्रणालीमा अद्यावधिक समेत गरेको छैन । कानुनमा भएको व्यवस्थाको पालना गरि सम्पति व्यवस्थापनलाई थप प्रभावकारी वनाउनु पर्दछ ।

२१ **सेवाप्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वियन गर्नु पर्ने देखिन्छ ।

| सिन | विवरण | सेवा प्राप्तीका लागि पेश भएको निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| **१** | नागरिकता सिफारीस | १३०३ | १३०३ |
| **२** | घरवाटो सिफारिस | ३७० | ३७० |
| **३** | नाता प्रमाणीत | २९२ | २९२ |
| **४** | जन्म मृत्यु वसाई सराई | १३९२ | १३९२ |
| **५** | अन्य सिफारिस | २९२६ | २९२६ |
| **६** | घर नक्सा पास | पालिकामा हाल सम्म लागु हुन नसकेको | |

२२ **नामनामेसी नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८ (घ१) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजस्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको धरौटी विवरण अनुसार देहाय बमोजिमको नाम नामेसी नखुलेको धरौटी मौज्दात रहेको देखिन्छ। यसरी धरौटी राख्ने व्यक्ति संस्था तथा निर्माण व्यवसायी वा सप्लायर्सको विवरण नखुलेको उक्त रकम नियमावलीमा भएको कार्यविधि पुरा गरी फिर्ता गर्ने तथा वाँकी रकम राजस्व आम्दानी बाँध्नुपर्ने देखिएको रु.

| **सिन** | **खाता नं** | **विवरण** | **फिर्ता रकम** |
|---|---|---|---|
| १ | ५८ | सानिमा बैंक लिमिटेड | २,३३,३८३.०० |
| २ | ६० | खाली | ५९,९९१।०० |
| ३ | ७५ | विभिन्न धरौटी | २६,७०६.०० |
| **जम्मा** | | | **३,२०,०८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२०,०८० |

२३ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ पदमा ७३ जना कर्मचारीहरु करारमा राखि रु.२,९१,९१,६४३।०२ खर्च लेखेको छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश,

कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेकको अधिकृत आठौँ ३, सव इन्जिनियर तथा सहायक पाँचौ ७ तथा सहायक चौथो २९ लगायतको विभिन्न ५ पदमा ३९ जना करार नियुक्ति गरी वर्षभरीमा रु.१,६५,१८,२५५ भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,६५,१८,२५५ |

२४ **इन्टरनेट व्यवस्थापन अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयलहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनको लागि प्रति विद्यालय वार्षिक रु.१२ हजार अनुदान उपलब्ध गराउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकालले गो.भौ.नं २७१।२०८१।३।१२ वाट पालिकाका निम्नानुसारका २ वटा विद्यालयलाई प्रति विद्यालय रु.१२,०००।०० को दरले रु.२४०००।०० भुक्तानी गरेकोमा महशूल तिरेको विल भरपाई स्रेस्तासाथ संलग्न गरेको पाइएन। इन्टरनेट महशूल भुक्तानीको लागि विद्यालयलाई निकासा भएको निम्नानुसारको रकमको महशूल तिरेको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित विद्यालयवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | श्री जनता माध्यमिक विद्यालय | १२,०००.०० |
| २ | श्री विन्ति विनायक आधारभूत विद्यालय | १२,०००.०० |
| जम्मा | | २४,०००.०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

२५ **नगद कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१२) मा सिलवन्दी दरभाउपत्र स्विकृत भए पश्चात नियम ११० बमोजिम कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष वडा कार्यालयको तल्ला थप गर्ने कार्यको लागि ठेक्का नं SQ/WORKS/01/2080/81 मार्फत निर्माण व्यवसायी एस आर निर्माण कम्पनी सँग रु १२,९९,४५२।- मा सम्झौता गरेकोमा सम्झौता गर्दा नियम ११० बमोजिम मान्यता प्राप्त वाणिज्य वैङ्कवाट जारी भएको रु १,४०,१८९।- को कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेमा पालिकाले सो रकम धरौटीमा राखी सम्झौता गरेको देखियो । नियमावलीमा कार्यसम्पादन जमानत नगद राख्ने व्यवस्था नरहेकोले नगद कार्यसम्पादन जमानत राखी सम्झौता गरेको मनासिव देखिदैन । सार्वजनिक खरिद नियमावलीको नियम ११० बमोजिम मान्यताप्राप्त वाणिज्य वैङ्कवाट जारी भएको कार्यसम्पादन जमानत लिएरमात्र सम्झौता गर्ने गराउनेत तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

२६ **जिन्सी दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१३०,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **सहकारी नियमन र विवरण दाखिला**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेको देखिन्छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दर्ता भएको संख्या २६ वटा रहेको भएतापनि ४ सहकारी संस्थावाट सूचना प्रणालीमा विवरण दाखिला गरेको छ भने वाँकी २२ वटा सहकारीले विवरण पेश गरेको देखिदैन। पालिकाभित्र रहेका सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको, साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ पालिकाले विधमान कानुन र सूचना प्रणालि बमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारवाही गर्नुपर्ने देखिन्छ ।

२८ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलब, महङ्गी भत्ता र स्थानीय भत्ता ,सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाईने उल्लेख छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) कार्यालय प्रमुख र लेखा प्रमुखबाट प्रमाणित गरी चालुतर्फ गत आर्थिक वर्षमा संचालित देहाय बमोजिमका कार्यक्रममा रु.४४,५०,००० बजेट विनियोजन गरी रु.४३,९३,५६५।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले

गाँउसभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजनामा एकमुष्ठ बजेट विनियोजन गरी भुक्तानी दिएको भएतापनि चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही वर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्बन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ ध्यान जानु पर्दछ ।

| सि नं | कार्यक्रम/ शीर्षक /योजना | रकम |
|---|---|---|
| १ | विपद व्यवस्थापनबाट भुक्तानी गर्नु रकम | ४२५००० |
| २ | आर्थिक सहायता | ३८५००० |
| ३ | नगर प्रमुख सचिवालय खर्च | ५०००० |
| ४ | अनुगमन तथा मुल्याङकन | ४१०० |
| ५ | सवारी भाडा | ६००० |
| ६ | भ्रमण खर्च | २२८०० |
| ७ | पानी तथा बिजुलि | ४७०२ |
| ८ | स्वास्थ्य विमा कार्यक्रम | २०८७०५० |
| ९ | नगर प्रमुख सचिवालय खर्च | २०००० |
| १० | वडा न. ९ विजुली विस्तार | ३०००० |
| ११ | भ्रमण खर्च | २५००० |
| १२ | प्राविधिकधारका विद्यार्थीलाई छात्रवृती कार्यक्रम | १३०००० |
| १३ | विविध | ३४९९८८ |
| १४ | वडा न. १ को नगर गौरव सडक | ३५८७४३ |
| १५ | माई पर्यापर्यटन सिटी विकास परियोजना | १९१२४७९ |
| १६ | वडा न. २ को आयोजना | ३००००० |
| १७ | वडा न. ४ को वडा भवन निर्माण | ५८८६१७ |
| १८ | पानि तथा बिजुली | ८००० |
| १९ | छात्रवृत्ती | १३०००० |

२९ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची -३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार योजनामा बजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्मका | | रु. १ लाख देखि ५ लाख सम्मका | | रु. ५ लाख देखि १० लाख सम्मका | | रु. १० लाख देखि २० लाख सम्मका | | रु. २० लाख भन्दा बढीका | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| ६७ | ५१४५००० | ७१ | १५९३८००० | २८ | २३४०९००० | ३० | ४३११९००० | २१ | १२६४३५००० | २१४०४६००० |

उपर्युक्त विवरणअनुसार पालिकाले पुँजिगत तर्फ कुल २१७ योजनामध्ये १३८ योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सम्पुर्ण योजनाहरु कार्यान्वयन गरेको विवरण प्राप्त भएको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३० **राजस्व छुट**

पालिकाको आन्तरीक आय सङ्कलन (ठेक्का वन्दोवस्त) कार्यविधि , २०८० को वुँदा नं ६(२) मा ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पुर्ण ठेक्का रकम एकमुष्ठ वुझाएमा औचित्य हेरी वढीमा १० प्रतिशत सम्म छुट दिनसक्ने व्यवस्था छ । पालिकाले यो वर्ष आय ठेक्का अन्तर्गत देहाय बमोजिमका ठेक्का आव्हान गरी सम्झौता गरेकोमा ठेकेदार कम्पनीले पालिकाले तोकेको समयमा सम्पुर्ण रकम नवुझाई फरक समयमा रकम वुझाएको अवस्थामा समेत १० प्रतिश्त छूट प्रदान गरेको देखिएकाले सम्पुर्ण रकम एकमुष्ठ नवुझाएको तथा पालिकाले तोकेको समयमा रकम नवुझाएकोले ल्हासो कन्सट्रक्सन हालको वर्दु कन्सट्रक्सन प्रालीलाई छूट दिएको रकम असुल गर्नुपर्ने रु...

| ठेक्का नं | विवरण | न्युनतम ठेक्का रकम(मुकर वाहेक) | कवोल रकम | वुझाएको रकम | कैफियत | वाँकी रकम |
|---|---|---|---|---|---|---|
| ७ २०८०।८१ | शुक्रवारे पशुपन्छी हाट कर | ४०००००० | ४०११००० | ३६०९९०० | मिति २०८०।४।१६मा सम्झौता गर्ने अवधि रहेकोमा २०८०।५।८मा सम्झौता गरेको साथै मुअकरको रकम मिति २०८०।१०।२२ मा मात्र दाखिला गरेको | ४०११०० |
| ६/२०८०।८१ | शेवा शुल्क कर | २६०००००० | २६०१००० | २३६२५७५ | मिति २०८०।५।३ मा रु २१४५००० २०८०।१२।६ रु २१७५७५ साथै मुअकरको रकम मिति २०८०।१०।२२ मा मात्र दाखिला गरेको | २३८४२५ |
| | | | | | असुल गर्नुपर्ने | ६,३९,५२५ |

३१ **प्रशासनिक खर्च**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँडबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ। पालिकाले आफ्नो आन्तरिक आय रु. २,०४,४५,५७७.६९ प्राप्त गरेको देखिएकोमा प्रशासनिक खर्च वापत रु.१०,१७,३७,२४९.५६ भएको देखिन्छ। उक्त खर्च आन्तरीक आयको तुलनामा ४९७.६१ प्रतिशत गरेको देखिएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन

गरेको देखिएन। राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३२ **समानीकरण अनुदान रकमको उपयोग**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट बजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन विपरित पालिकाले समानिकरण अनुदानवाट चालु प्रकृतिका कार्यमा रु.८९,४३,५८६.०० खर्च गरेको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ।

३३ **अवकाश कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानुन बमोजिम अबकाश हुदा प्राप्त गर्ने योगदानमा आधारीत उपदान वा निवृतभरण, औषधिउपचार लगायतका सुबिधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गरिने र सो कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले एकमुष्ठ रु.१९ लाख बजेट विनियोजन गरेर देहाय बमोजिमका गोश्वारा भौचर तथा मितिवाट चालु खर्च खातावाट खर्च लेखी कर्मचारी कल्याण कोषमा जम्मा गरेको देखिन्छ । स्थानिय तहले आफ्नो दरबन्दीमा कार्यरत कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबर रकम थप गरी रकम पठाएको छैन । कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था भएको नदेखिएकोले कानूनको व्यवस्था गरी कोष सञ्चालन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।.

३४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष अध्यक्ष स्वास्थ्य सहयोग कोषमा रु १० लाख बजेट विनियोजन गरेकोमा आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी आर्थिक सहायता गरी विभिन्न न्युनतम रु.७,००० देखी १,००,००० सम्म ४० जनालाई भुक्तानी गरी रु.८,९४,००५ खर्च गरेको छ। सो वाहेक संघ संस्था सहयोग शिर्षकमा रु ५,००,००० विनियोजन गरी विभिन्न सरकारी निकाय र संस्थालाई रु.४,३१,५४५ समेत खर्च गरेको देखिन्छ।सोवाहेक सचिवालय खर्च तथा विविध खर्चवाट समेत गरिव असक्त तथा रोग उपचारका लागि कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता प्रदान गरेको छ । अन्य शिर्षकवाट आर्थिक सहायतामा गरेको खर्चको विवरण लेखापरीक्षणमा माग गरिएकोमा विवरण प्राप्त भएन । पालिकाको आन्तरीक आय न्युन रहेको अवस्थामा सहायता खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने तथा आर्थिक सहायता वितरण सम्वन्धी मापदण्ड तयार गरी वितरण गरेको सहायताको विवरण सार्वजनिक गरिनु पर्दछ ।

३५ **कन्टिजेन्सी खर्च**

सर्वजनिक खरिद नियमावली , २०६४ को अनुसूची १ को (ग) मा कन्टिन्जेन्सी खर्च गर्न कार्यविधी स्वीकृत गराउनु पर्ने व्यहोरा उल्लेख छ ।पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.१३,७६,४३६ कट्टी गरी कन्टिजेन्सी खर्च चालु प्रकृतिका सूचना प्रकासन, कार्यालय सामान तथा सवारी साधन मर्मत खर्च लगायतका चालु कार्यक्रममा खर्च गरेको छ। उक्त खर्चगर्दा पालिकाले कन्टीजेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको छैन। संघ र प्रदेशले जारी गरेका खर्चको मितव्ययिता सम्बन्धी निर्देशिका र कन्टिन्जेन्सी कार्यविधि अनुरुप पालिकाले कार्यविधि तयार गरी कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ।

३६ **प्रदेश समपुरक अनुदान**

कोशी प्रदेश समपुरक अनुदान (दोस्रो शंसोधन) कार्यविधि, २०७९ को बुँदा नं ६ मा प्रदेश सरकारले समितिले छनौट गरेको आयोजनामा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ६५ प्रतिशत रकम अनुदान प्रदान गर्न सकिने उल्लेख छ। पालिकाले यो वर्ष प्रदेश समपुरक समपुरक अनुदानवाट जनसिद्ध मावि को २ तले ८ कोठे भवनको लागि रु.१ करोड ३० लाख बजेट प्राप्त गरेको मध्ये समपुरक अनुदानवाट रु.१,२३,१४,१६७ खर्च गरेको देखिन्छ । पालिकाले उक्त समपुरक अनुदान पालिकाको उक्त ठेक्कामा यो वर्ष कुल रु.९८,८६,४४० को प्राविधिक मुल्याकन गरी भुक्तानी गरेको देखिन्छ । सो वाहेक पेश्की प्रदान गरेको रु.२१,७०,००० तथा कन्टिजेन्सी खर्च रु.२,५७,७२७ समेत कुल रु.१,२३,१४,१६७ भुक्तानी गरेकोमा सो कार्यविधि बमोजिम उक्त खर्च रकमको ६५ प्रतिशतले हुने रु.८०,०४,२०९।७७ मात्र खर्च गर्नुपर्ने तथा समपुरक अनुदानको सालवसाली योजना सम्बन्धीत वर्षमानै सम्पन्न गर्नेगरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा नगरको तथा सम्पुर्ण रकम प्रदेश समपुरक अनुदानवाट खर्च गरेको देखिएकाले उक्त वढि खर्च गरेको रु.४३,०९,९५७।२२ रकम स्रोत मिलान गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,०९,९५७ |

३७ **थप कर्मचारी पारिश्रमिक**

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा जारी गरिएको अपांगता रोकथाम तथा पुनःस्थापना कार्यक्रम (संचालन) मार्गदर्शन, २०७७ मा मातृशिशु एवं वाल स्वास्थ्य प्रवर्द्धन गरी जन्मजात तथा जन्म पश्चात हुने अपाङ्गता न्यूनीकरण गर्ने उद्देश्यका साथ प्रदेश सरकार, पालिका र करुणा फाउण्डेशनको त्रिपक्षीय सहकार्यमा सहजकर्ताको परिचालन गरी तिन वर्षको खर्चको प्रतिशत निर्धारण गरी अपाङ्ग लक्षित कार्यक्रम संचालन गर्ने व्यवस्था छ । पालिकाले अपाङ्ग लक्षित कार्यक्रम संचालन आर्थिक वर्ष २०७४।७५ मा करुणा फाउण्डेशनसँग सम्झौता गरी आर्थिकवर्ष २०७६।७७ मा उक्त सम्झौता समाप्त भएको देखिन्छ। कार्यक्रमको उद्देश्य तथा द्विपक्षीय सम्झौता अनुसार अपाङ्गता भएको व्यक्तिको संख्याको आधारमा ३ वर्षको लागि सहजकर्ता परिचालन गर्ने तथा मार्गदर्शनमा तोकिए वमोजिमका कार्यक्रम संचालन भए पश्चात समेत सो कार्यक्रममा कार्यरत स्विकृत दरवन्दी वाहिरका ४ जना सहजकर्तालाई यो वर्ष २०८० को कार्तिक मसान्त सम्म निरन्तरता दिई तलव भत्ता वापत रु.५,०६,००० खर्च लेखेको देखियो । यसरी सम्झौता वमोजिमको कार्यक्रम सम्पन्न भए पश्चात समेत सहजकर्ता नियुक्त गरी वजेट खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,०६,००० |

३८ **प्रकोप व्यवस्थापन कोष**

प्रकोप व्यवस्थापन कोष: विपद् व्यवस्थापन कोष(सञ्चालन) कार्यविधि,२०७९ को दफा ९(१) बमोजिम यस कार्याविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा भएको रकम खर्च गर्न पाइने छैन:

(क) नियमित प्रशासनिक व्ययको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब,भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण वा खन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,विपदबाट प्रभावितलाई तोकिएबमोजिमको राहत रकम बाहेक अन्य कुनै पनि किसिमको चन्दा,पुरस्कार, उपहार वा सभासम्मेलन गराउन,

(घ) आकस्मिक रुपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास लगायतका ।

माथि उल्लिखित कार्यमा विपद व्यवस्थापन कोषको रकम खर्च गर्न नपाइने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधि विपरित निम्न कार्यमा रकम खर्च गरेको देखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु.

| सि.न. | गो.भौ.न/मिति | कार्य | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३,२०८०।०७।०२ | बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी | १२००००.०० | नियमित प्रकृतिको खर्च |
| २ | ७,२०८०।०७।२२ | बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी | १३३०००.०० | नियमित प्रकृतिको खर्च |
| ३ | ९,२०८०।०८।१० | बाटो हेरालुको पारिश्रमिक रकम भुक्तानी | ६००००.०० | नियमित प्रकृतिको खर्च |
| ४ | १८,२०८०।१२।२६ | आर्थिक सहायता | ५००००.०० | बिरामीको उपचार खर्च |
| ५ | २०,२०८१।०२।१६ | डेङ्गु नियन्त्रणको लागि | १२७१००.०० | असोजमा पेश्कि भुक्तानी गरी जेष्ठ महिनामा फर्छौट भएको रकम असुली घटाइ बाँकी रकम लेखिएको |
| ६ | २१,२०८१।०३।२० | पोष्टमार्टनको लागि गाडी भाडा | ६०५००.०० | करेन्ट लागेर र पानिमा डुबेर मृत्यु भएको |
| | | **जम्मा रु.** | **५५०६००.००** | |

| अनियमित भएको | ५,५०,६०० |
|---|---|

३९ **नपाउने खर्च** (२०/२०८१-२-१६):

विपद् व्यवस्थापन कोष(सञ्चालन) कार्यविधि,२०७९ को दफा ९(१) बमोजिम यस कार्याविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा भएको रकम नियमित प्रशासनिक व्ययको लागि खर्च गर्न, कुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन, कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण वा खन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन, विपद्बाट प्रभावितलाई तोकिएबमोजिमको राहत रकम बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा सभासम्मेलन गराउन, आकस्मिक रुपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास लगायतका कार्यमा खर्च गर्न नपाइने व्यवस्था रहेको छ । डेङ्गो रोग नियन्त्रण र व्यवस्थापनको लागि कुमार कट्टेललाई असोज महिनामा पेश्कि रकम उपलब्ध गराइ उक्त रकम जेष्ठ महिनामा फछ्र्योट भएकोमा उक्त रकम फछ्र्यौट गर्दा सुपरभिजन खर्च वापत रु.११,०००.०० र खाजा खर्च वापत रु.२६४००.०० खर्च भएको विल भरपाई पेश गरी पेश्की फछ्यौट गरेकोमा कार्यविधि विपरित खर्च गरेको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३७,४०० |
|---|---|

४० **फरक खर्च शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या¸२०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा सम्बन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका खर्च गर्दा तोकिएको शिर्षकवाट वजेट खर्च नगरी फरक खर्च शिर्षकवाट वजेट खर्च गरेको पाइएकोले फरक खर्च शिर्षकवाट खर्च गरको नियमसम्मत नदेखिएको रु.

| सि नं | ब उ शि नं | गो भौ नं मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | खर्च रकम रु. |
|---|---|---|---|---|---|
| १ | नगरपालिका चालु | ४७२।२०७०।१०।२५ | वीमा तथा नवीकरण | पानी तथा विजुली | ३,००,०००.०० |
| २ | नगरपालिका चालु | ६४३।२०८१।२।३२ | शिक्षण सिकाई अनुदान | विद्यालय स.का. तलव | ३,२५,०००.०० |
| जम्मा | | | | | ६,२५,०००.०० |

| | |
|---|---|
| अनियमित भएको | ६,२५,००० |

४१ **भुक्तानी वाँकीको कच्चावारी वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरा्इ राख्नपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार स्थानीय तहमा कार्यरत आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्दछ। पालिकाले वडा नं. २ को फुयाल चौतारा हुँदै ढकने चेप्टी जाली खोल्सी सडक स्तरोन्नती कार्यको लागि गो.भौ. नं ८।२०८०।५ २६ बाट इलाम गजुरमुखी निर्माण सेवालाई रु.७०,७९,४३१।०० भुक्तानी दिएको पाइयो। भुक्तानी भएको रकममध्ये रु.४०,६५,२५५।०० गत वर्षको भुक्तानी बाँकी तथा यस वर्षको अन्तिम विलको रु.३०,१४,१७६।०० रहेको पाइयो। यसरी गत आ.व. मा नै दायित्व सिर्जना भई भुक्तानी बाँकी रकम भुक्तानी गर्दा भुक्तानी बाँकीको विवरण प्रमाणित गरी सोही आधारमा भुक्तानी दिनुपर्नेमा भुक्तानी बाँकीको विवरण तयार नगरी भुक्तानी दिएको नियमसम्मत देखिएन। अघिल्लो आ.व. मा नै दायित्व सिर्जना भएको रकमको भुक्तानी गर्दा भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी गर्नुपर्दछ।

४२ **वास्तविक विल भरपाई वेगर भुक्तानी बाँकीको कच्चावारी प्रमाणित**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक विवरणको साथमा संलग्न गरी तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी बाँकीको विवरण तयार गरी संलग्न बिल भरपाईको आधारमा मात्र उक्त विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले वास्तविक बिल विजक पेश नभई अनुमानको आधारमा एकमुष्ठ रकम समावेश गरी रु.५०,०६,९१७।०० वरावरको भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी रु.४३,९३,०००।०० खर्च लेखेको पाइयो। यसरी नियमावलीमा भएको व्यवस्थाको परिपालना नगरी वास्तविक रुपमा बिल भरपाई पेश नभई दायित्व नै सिर्जना नभएको रकमको समेत भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिंदा खर्चको वास्तविक लेखांकन समेत नहुने हुँदा नियमावलीको परिपालनामा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। यस सम्बन्धि केही उदाहरण यस प्रकार छन्।

| क्रम संख्या | कच्चावारी अनुसार दायित्व सृजना भएको मिति | कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०।३।२४ | क्यान्टिन निर्माण | एस आर एस निर्माण कम्पनी प्रा ली | ७००००० | २०८०।६।११ मा विजक जारी भई दायित्व सृजना भएको |
| २ | २०८०।३।२४ | पूर्वेझोडा सडक स्तरोन्नती | आचार्य कन्स्ट्रक्सन | ६००००० | २०८०।७।२२ मा विजक जारी भई दायित्व सृजना भएको |

४३ **संघ सस्था तथा उपभोक्ता समिति दर्ता र नविकरण**

माई नगरपालिकामा २०८१ असार मसान्त सम्म दर्ता भएका कुल ४७ सघं संस्था तथा उपभोक्ता समिति मध्ये ३१ संघ सस्थाहरु यस वर्ष नविकरण भएको देखिएन । पालिकाले दर्ता नभएका संघ सस्थालाई दर्ता गर्नको लागि आवश्यक पहल गरी दर्ता नविकरण गर्न समेत पहल गर्नुपर्ने देखिन्छ ।

४४ **कानुन र कार्यान्वियन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, १९ वटा कार्यविधिलगायत ३४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरुमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

४५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २० गरी कूल २६ विवाद दर्ता भएकोमा १२ वटा फर्स्यौट भई १४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सि.नं. | उजुरीको प्रकार | गतवर्षसम्मको बाँकी | यस वर्ष थप | जम्मा | यस वर्ष फर्स्यौट | फर्स्यौट हुन बाँकी | समयमै फर्स्यौट नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | ४७.१ | ० | ६ | ६ | ५ | १ | |
| २ | ४७.२ | ६ | २० | २६ | १२ | १४ | पक्षहरु समयमा उपस्थित नहुने लगायत |

४६ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धी विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र सञ्चालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

४७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिएन । पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको

व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ४८ डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ।

| क्र सं | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए बजेट) |
|---|---|---|---|---|---|---|
| गत वर्षको | | | | | | |
| १ | जनशिद्ध आ.वि को होस्टेल भवन निर्माण | शान्ता कन्सलटेन्ट प्रा.लि. | ९९८४५७.२० | ९८५३६०.०० | - | योजना कार्यान्वन भएको |
| यो वर्षको | | | | | | |
| १ | शुक्रबारे चेप्टी हुदै सुरुङ्गा जोड्ने सडक | ईशु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. | १२००००० | १२००००० | १०४३९४०५५१ | प्रदेश योजना माग |
| २ | विभिन्न खोलाको वातावरणिय प्रभाव मुल्यङकन | न्यू क्रियटिभ कन्सलटेन्सी | ८००००० | ८००००० | - | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।पालिकाले गत विगत वर्षमा तयार गरेका डिपिआरको समेत कार्यान्वियन नगरी डिपिआर थप गरेको मनासिव देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ।

## ४९ त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायिले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको साथै विगत वर्षमा ठेक्का व्यवस्थापत भएतापनी कार्यालयवाट ठेक्काको अभिलेख समेत तयार गरेको नदेखिएकाले यस सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था बमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने

लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

## ५० अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसारका १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ भने सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन नसकेको छैन तथा योजना अलपत्र अवस्था समेत रहेका देखिन्छ। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक सम्झौताका शर्त बमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्ने अन्यथा सम्झौता अन्त्य गरी भुक्तानी भएको रु ४१५६२० पेश्की रकम व्याज सहित असुल गर्नु पर्दछ ।

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायी वा उपभोक्ता | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च(हजारमा) | भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गरुवा मादले जल सिचाई योजना | गरुवा मादले जल सिचाई योजना उपभोक्ता समिति | २०७९।१०।१७ | २०८०।३।२० | पेश्की भुक्तानी | नभएको | मोविलाईजेशन पेश्की लगि निर्माण कार्य नगरेको |

## ५१ जनसिद्ध मावी भवन निर्माण

५१.१ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रदेश समपुरक अनुदानवाट जनसिद्ध मावि भवन निर्माणका लागि ठेक्का नं MM /NCB//works/ 01/2080/81 मार्फत निर्माण व्यवसायी प्राश्ना गरीमा जेभी सँग रु.२,१७,१६,०५२।४१ (मूल्य अभिवृद्धी कर समेत) मा १२ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।११।१६ मा सम्झौता भएको छ । निर्माण व्यवसायीसँग भएको सम्झौता बमोजिम उक्त निर्माण कार्य २०८१।११।२६ मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायीलाई यो वर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्म रु.९८,८६,४४०।०० भुक्तानी भएकोमा भौतिक प्रगति ५० प्रतिशत तथा वित्तीय प्रगति ४५ प्रतिशत भएको पालिकाले जनाएको छ। पालिकाले समपुरक अनुदान वाट प्राप्त भएको रकम समयमै ठेक्का वन्दोवस्त गरी सोही वर्षमा समाप्त गर्नुपर्नेमा स्रोतको सुनिश्चितता वेगर चालु आर्थिक वर्षलाई दायित्व सृजना हुने गरी ठेक्का वन्दोवस्त गरेको मनासिव देखिएन। पालिकाले स्रोतको सुनिश्चितता वेगर वहुवर्षिय दायित्व सृजना नगर्ने तथा सम्झौताका शर्त तथा खरिद कानुन बमोजिम तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५१.२ **मोविलाईजेशन कट्टि** - पालिकाले प्रदेश समपुरक अनुदानवाट जनसिद्ध मा.वि भवन निर्माणका लागि ठेक्का नं MM /NCB//works/ 01/2080/81 मार्फत निर्माण व्यवसायी प्राश्ना गरीमा जेभी सँग भएको सम्झौताको वुँदा नं ५७.३ मा निर्माण व्यवसायीलाई प्रदान गरिएको मोविलाईजेशन पेश्की रकम सम्झौता रकमको ३० प्रतिशत भुक्तानी पश्चात् प्रत्येक विलवाट २० प्रतिशतका दरले कट्टा गर्नुपर्ने र सम्झौता बमोजिमको ८० प्रतिशत रकम भुक्तानी हुदासम्म सम्पूर्ण पेश्की रकम फर्स्यौट गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उक्त निर्माण कार्यको लागि आर्थिक वर्षको अन्त्यसम्म ३ वटा रनिङ्ग विलबाट कुल रु.९८,८६,४४० भुक्तानी गरीको देखिन्छ । उक्त भुक्तानी सम्झौता रकमको करिव ४६ प्रतिशत हुन आउछ। सम्झौताको शर्त बमोजिम पालिकाले यो वर्ष मोविलाईजेशन पेश्की को ४५ प्रतिशत अर्थात रु.९,६७,५०० पेश्की फर्स्यौट गरिसक्नुपर्नेमा पेश्की कट्टा गरेको देखिएन । उक्त पेश्की रकम कट्टा नगरेकाले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार लाग्ने व्याज समेत असुल गरी फर्स्यौट गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६७,५०० |

## ५२ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

५३ **निर्माण कार्यमा वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा तपशिल बमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **निर्माण कार्य** | **सम्झौता रकम** | **कैफियत** |
|---|---|---|---|---|
| 04/2079/80 | गिरी निर्माण सेवा | वडा नं ३ भवन निर्माण | १०३५७३००।९७ | वीमा नगरेको |
| 05/2079/80 | गिरी निर्माण सेवा | वडा नं ४ भवन निर्माण | १०६१२५५९।९९ | वीमा नगरेको |
| 21/2079/80 | माई भगवती कन्सट्रक्सन | लामपाते हुँदै खोल्सी थाक्ले वडा कार्यालय जाने वाटो निर्माण | ८८८७४०८।६९ | वीमा नगरेको |
| 23/2079/80 | एवीसी निर्माण सेवा | वडा नं ५ वडा कार्यालय भवन निर्माण | १०६११३९१ | वीमा नगरेको |

५४ **१५ शैय्या अस्पताल निर्माण**

५४.१ पालिकाले एकीकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको माई अस्पताल निर्माणका लागि ठेक्का नं MM/NCB/works/13-2077/78 मार्फत निर्माण व्यवसायी ओमसाई राम एसएएस देवी जेभी सँग रु.१०,७०,२४,६९३।३८ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।३ मा सम्झौता भएको छ ।निर्माण कार्यको ३ पटक म्याद थप गरी सम्पन्न गर्नुपर्ने अवधि मिति २०८१।५।३० सम्म थप भएको छ ।उक्त निर्माण कार्यको दोस्रो पटक भेरिएसन गरी भेरिएसन पश्चात् को सम्झौता रकम रु.११२३०८१०७।०० कायम गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन ।

५४.२ कार्य प्रगति : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौता बमोजिम उक्त निर्माण कार्य २०८०।३।४ मा सम्पन्न गर्नुपर्नेमा विविध कारण जनाई कार्यपालिकाको निर्णयवाट तेस्रो पटक २०८१।५।३० सम्म म्याद थप भएको देखिन्छ। निर्माण व्यवसायीले यो वर्षको अन्त्यसम्म नवौ रनिङ्ग विल सम्म रु.९,१९, ४८,४३८ (मुअकर समेत मुल्य समायोजन वाहेक) मुल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ। तथापी उक्त निर्माण कार्य यो वर्षको अन्त्यसम्म ८५ प्रतिशत भौतिक प्रगति तथा ८२ प्रतिशत मात्र वित्तीय प्रगति भएको पालिकाले जनाएको छ। पालिकाले पटक पटक म्याद थप गरेकोमा निर्माण व्यवसायीले निर्माण कार्यको प्रगति हाँसिल गरेको देखिदैन ।उक्त अस्पताल भवन निर्माण कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५४.३ म्याद थप: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ ।पालिकाले १५ शैय्या अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी ओमसाई राम एसएएस देवी जेभी सँग रु.१०,७०,२४,६९३।३८ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०७८।३।३ मा सम्झौता भएको देखिन्छ । निर्माण कार्यको शूरु सम्झौता अवधि मिति २०८०।३।४ मा समाप्त भएको देखिन्छ । निर्माण व्यवसायीले तोकिएको कार्य निर्धारित समायावधिमा सम्पन्न गर्न नसकी कार्यपालिकाले पटक पटकको निर्णय बमोजिम तेस्रो पटक मिति २०८१।५।३० सम्म म्याद थप भएको देखिन्छ । पालिकाले निर्माण कार्यको म्याद थप गर्दा निर्माण व्यवसायीले नियमानुसार २१ दिन अगावै निवेदन दिनुपर्ने, म्याद थपका लागि आवश्यक जाँजवुझ तथा प्राविधिक प्रतिवेदन समेत लिएको देखिदैन । पालिकाले निर्माण कार्यको प्रथम पटकको म्याद थप गर्दा सम्झौताको अवधि मिति २०८०।३।४ मा समाप्त हुनेमा निर्माण व्यवसायीवाट मिति २०८०।३।३ मा मात्र म्याद थपका लागि निवेदन पेश भएको, कार्य सम्पादन जमानतको म्याद २०८० ।३।६ को मात्र रहेको देखिन्छ ।यसरी निर्माण व्यवसायीले तोकिएको समयमा निवेदन नदिएको , निवेदनका साथ कार्यसम्पादन जमानत र विमा लगायतका कागजात पेश नगरेको अवस्थामा समेत प्रशासनिक राय टिप्पणी तथा कानुनको दफा समेत उल्लेख नगरी कार्यपालिकावाट म्याद थप गरेको मनासिव देखिदैन। कानुनको म्याद भन्दा ढिला प्राप्त भएको निवेदन उपर म्याद थप गरी यो वर्ष रु.२,१६,६७,६९३।०० ( रु १ करोड पेश्की फर्स्योट गरी) भुक्तानी भएको देखिन्छ। पालिकाले प्रचलित खरिद कानुनको अधिनमा रहि म्याद थप गर्नुपर्ने साथै निर्माण व्यवसायीको कारणवाट निर्माण कार्यमा ढिलाई भएको अवस्थामा सम्झौताको पालना गरी कार्य सम्पन्न हुनु पर्दछ ।

५४.४ भेरिएसन: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी ओमसाई राम एसएएस देवी जेभी सँग रु.१०,७०,२४,६९३।३८ (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको दोस्रो पटक भेरिएसन गरी सम्झौता रकम रु.११,२३,०८,१०७ (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुस्टंयाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

५४.५ मोविलाइजेशनमा मूल्य समायोजन भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) (क) मा मूल्य समायोजनको सूत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले अस्पताल भवन निर्माणको ठेक्का पेश्कीमा समेत मुल्य समायोजन भुक्तानी गर्नेगरी सम्झौता गरेको देखिन्छ ।निर्माण व्यवसायीलाई पालिकाले पेश्की उपलब्ध गराई नगद प्रवाह गरिएको योजनामा सो पेश्कीले धानेसम्म मूल्यवृद्धिको प्रभाव शून्य हुने सामान्य सिद्धान्त भएको र यसरी पेश्कीमा मूल्य समायोजन सिद्वान्तः अनुसार दिन नमिल्ने देखिन्छ। पालिकाले आठौ रनिङ्ग विल भुक्तानी गर्दा कट्टी भएको पेश्की रु.२०,००,०००।०० तथा नवौँ रनिङ्ग विलमा कट्टि भएको रु.८०,००,००० गरी कुल १,००,००,००० पेश्की रकममा सो अवधिको मूल्य समायोजन सुचकाङ्क ०.१९४१७ ले हुने रु.१९,४१,७०० थप व्ययभार परेको देखिन्छ। पालिकाले मितव्ययि तवरवाट खर्च गर्न सम्झौताको विशेष शर्त आवश्यकता अनुसार परिवर्तन गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ

।

५४.६ निर्माण कार्यतालिका: उल्लेखित निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा ३४.३ मा निर्माण व्यवसायीले हरेक ९० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु. ५०,००० भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । उल्लेखित निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट समेत गरेको देखिएन। सम्झौताका शर्त बमोजिम कार्यतालिका तोकिएको समयमा पेश नगरेको अवस्थामा तोकिए बमोजिम भुक्तानी रोक्का गर्नुपर्दछ ।

५४.७ वढि भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा सम्झौताको शर्त बमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले अस्पताल भवन निर्माणको लागि निर्माण व्यवसायी ओमसाई राम एसएएस देवी जेभी लाई नवौँ रनिङ्गविलको रकम गोश्वरा भौचर ५ मिति २०८१।३।२४ वाट रु.२,६६,१०,६०२।२७ भुक्तानी गर्दा आइटम नं C25 मा रहेको Supplying, erection and fixing in position of Sal wood wall plate, rafter & purlins of Roof including all complete as per specifications, drawings and instructions को कार्य नापी कितावमा ३.१ मिटर लम्वाईको १६ थान काठ प्रयोग भएकोमा ४ ईन्च* ३ इन्च साइजका ३.१ मिटर लम्वाईको १६ थान काठ प्रयोग भएकोमा सोको कुल परिमाण ०.३९ घनमिटर मात्र हुनुपर्नेमा जोड जम्मा फरक भै ३.७२ घनमिटरको भुक्तानी भएको देखिन्छ। वास्तविका परिमाण भन्दा ३.३३६० घनमिटर वढि नापी हुन गई प्रतिघनमिटर को रु.२,०९,०५० का दरले हुने रु.६,९७,३९० वढि भुक्तानी भएको रकम असुल गरी सङ्घीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९७,३९० |

## ५५ रितपूर्वक कर बिजक

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा मू.अ कर दर्ता भएका व्यक्तिले वस्तू तथा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेको बाहेक अनुसूची ५ र ५(क) मा तोकिएको ढाँचामा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायी तथा आपुर्तकलाई मुअकर समेत भुक्तानी गरेकोमा विजक मा देहाय बमोजिम कैफियत रहेको विजक जारी गरी रु.११३३८३ अभिवृद्धि कर भुक्तानी भएको छ । भुक्तानी दिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु...

| गोश्वरा भौचर मिति | आपुर्तक /निर्माण व्यवसायी | विल रकम | मुअकर रकम | ७० प्रतिशत मुअकर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४० २०८०।९।२९ | माई भगवती कन्सट्रक्सन प्राली ६०६८५३९७२ | १२४५९७५ | १६१९७६ | ११३३८३ | विजकमा कालो पोती ५ कायम गरेको |
| | **जम्मा** | | | **११३३८३** | |

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **३६४,८११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,३८३ |

## ५६ म्याद थप

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ। पालिकाले ठेक्का सम्झौता गरी म्याद थप गरि कार्य स्विकार गरेका तथा चालु ठेक्का सम्झौताको म्याद थप सम्वन्धि अवस्थाको परिक्षण गर्दा देहाय

वमोजिमका ठेक्काको म्याद थप गर्दा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था वमोजिम निर्माण व्यवसायीवाट निवेदन पेश नभएको, निर्माण कार्यको म्याद थप गर्नु अघि जाँचवुझ गरि प्रतिवेदन नलिएको, विमा तथा कार्यसम्पादन जमानतको अवधि थप गरि निवेदन साथ पेश नगरेको तथा खरिद कानून र सम्झौता भएको व्यवस्था नखुलाई तथा टिप्पणीमा निर्णय नगरी निर्माण व्यवसायीलाई पत्र मार्फत म्याद थप भएको जानकारी प्रदान गरेको देखिन्छ । म्याद थप गर्नुको मनासिव कारण तथा कानूनी व्यवस्था समावेश गरी निर्णय नगरी निर्माण कार्यको पटक पटक म्याद थप गरेको मनासिव देखिदैन । कानुनमा भएको सवै व्यवस्थाको पालना गरी म्याद थप प्रकृया गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।यसरी म्याद थप गरेका केही उदाहरण देहाय वमोजिम रहेका छन् ।

| ठेक्का नं | निर्माण कार्यको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता सकिन अवधि | निवेदन दिएको विवरण | म्याद थपको विवरण |
|---|---|---|---|---|---|---|
| १४। २०७९। ८० | वगैचा ढोडेनी सालवोटे धारापानी लुम्वाक सडक | भोज्क निर्माण सेवा | ६७९६९६८ | २०८०। ८।१९ | २०८०।८।२८ को निवेदन उपर २०८०।९।२२ मा म्याद थपको पत्र प्रदान | २०८०।११।३० |
| ४। २०७९। ८० | वडा नं ३ वडा कार्यालय भवन निर्माण | गिरी निर्माण सेवा | १०३५७३०० | २०८०। ७।२५ | ३ पटक म्याद भएकोमा १ पटक निवेदन दिएको | तेस्रो पटक २०८१।४।२४ सम्म थप भएको |
| ५। २०७९। ८० | वडा नं ४ वडा कार्यालय भवन निर्माण | गिरी निर्माण सेवा | १०६१२५६० | २०८०। ७।२४ | म्याद थप निवेदन नभएको , जमानतको अवधि २०८०।९।१ मा थप भएको | २०८०।१०।२४ सम्म प्रथम पटक र २०८१।४। २४ सम्म |
| २। २०७९। ८० | लामपाते हुँदै खोल्सी थाक्ले वडा कार्यालय जाने वाटो | माई भगवती कन्सट्रक्सन | ८८८७४०८ | २०८०। ८।२९ | म्याद थप निवेदन २०८०।८।२७ मा मात्र पेश गरेको | तेस्रो पटक २०८१।५।२४ सम्म म्याद थप |

५७ **अनुपातिक कट्टी नगरेको** (२२७-२०८१-३-६):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **५,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८ **कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहितको प्रिन्टेड बिजक जारी गर्नुपर्ने व्यवस्था छ। तर ऐनमा भएको उक्त व्यवस्था विपरित पालिकाबाट भुक्तानी भएका निम्नानुसारका खरिद फर्मले बिजक नं हातले लेखेको, बिजक मिति सच्याइएको अवस्थामा समेत भुक्तानी भएको पाइएकोले निम्नानुसारको भुक्तानीको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्रम संख्या | कामको विवरण | खरिद फर्म | विजक रकम | मू अ कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राविधिक कर्मचारीहरुका लागि पेशागत क्षमता विकास तालिम | नेपाल इन्स्टिच्युट अफ इन्जिनियरिङ्ग | ३०००००.०० | ३९०००.०० | विजक नं हातले लेखेको |
| २. | पूर्वेझोडा सडक स्तरोन्नती | आचार्य कन्स्ट्रक्सन | ६१८२२०.०० | ८०३६८.०० | विजक मिति केरमेट गरेको |
| **जम्मा** | | | | **१,१९,३६८.००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१९,३६८ |

५९ **ननफाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई विभिन्न निर्माण कार्यको भुक्तानी दिएकोमा पेश भएको कर बिजक स्थायी लेखा नम्वर खोजी गर्दा करदाता ननफाइलर देखिएको छ । तोकिएको समयमा कर विवरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिँदा राजश्व खातामा दाखिला नहुने हुदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| **भौ नं मिति** | **आपुर्तक** | **मु अ कर नं** | **विजक नं मिति** | **मु अ कर** | **नन्नफाईलर** |
|---|---|---|---|---|---|
| ४१।२०८०।९।२९ | धिताल कन्स्ट्रक्सन | ६०७८३८९५८ | ०२।२०८०।९।२९ | १,०९,५८४.०० | २०८० असार |
| ११९।२०८०।१२।१८ | धिताल कन्स्ट्रक्सन | ६०७८३८९५८ | | ४,६२,९८१.०० | २०८० असार |

६० **पेश्की जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिनु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम ४ मा उपनियम ३ बमोजिम बैंक जमानत प्राप्त गर्दा पालिकाले सो जमानतको मान्य अवधी खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधीको हुनु पर्ने उल्लेख छ।पालिकाले वडा नं ५ को वडा कार्यालय भवन निर्माणको लागि निर्माण व्यवसायी एविसि निर्माण सेवालाई पेश्की वापत रु.१०,०६,०००।- भुक्तानी गरेको देखिन्छ । पेश्की जमानत वापत निर्माण व्यवसायीले राखेको ग्लोवल आइएमई वैङ्कको जमानत नं APGR432NPR00588 को अवधि २०२४ डिसेम्वर १५ सम्म मात्र रहेको देखिन्छ । उक्त अवधिमा प्रदान गरिएको पेश्की फस्र्यौट गर्नुपर्ने अन्यथा जमानतको म्याद थप गर्नुपर्ने देखिन्छ।

६१ **घुम्ती सन्धुवा रावलीगाँउ मनीटार सडक**

निर्माण व्यवसायीले सम्झौता वमोजिमको निर्माण कार्य सम्झौताका शर्त वमोजिम तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ । पालिकाले ठेक्का नं १७/२०७९।८० मार्फत घुम्ती सन्धुवा रावलीगाँउ मनीटार सडक स्तरोन्नति कार्यका लागि रु.६४,४८,२०६।०० भुक्तानी गर्ने र उक्त कार्य २०८०।८।२९ मा सम्पन्न गर्नेगरी मिति २०८०।२।४ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले उक्त कार्य तोकिएको समयावधिमा सम्पन्न गर्न नसकि म्याद थपका लागि मिति २०८०।६।२६ मा निवेदन दर्ता गराएको देखिन्छ । पालिकाले निर्माण कार्य भेरिएसन मार्फत वृद्धि गरी रु.७३,७०,०६७।०० पुर्याएको देखिएकोमा निर्माण कार्यको अन्तिम प्राविधिक मुल्याङ्कन रु.६८,०२,८९२।०० गरी भुक्तानी गरेको देखिन्छ । निर्माण कार्यको पटक पटक गरी मिति २०८१।२।२९ सम्म म्याद गरेको देखिन्छ । भेरिएसनवाट निर्माण कार्यमा वृद्धि भएको जनाई म्याद थप गरेको देखिएकोमा भेरिएसन वमोजिम कार्य नभै पुन अन्तिम विल भुक्तानी गर्दा भएको प्राविधिक मुल्याङ्कनको आधारम भेरिएसन आदेश तयार गरि भुक्तानी गरेको मनासिव देखिदैन । पालिकाले पुर्वानुमान गर्न नसक्ने परिमाण एकिन गरी भेरिएसन गर्नुपर्नेमा पटक पटक थप तथा घट गरेको देखिन्छ । खरिद कानुनमा भएको म्याद थप तथा भेरिएसन सम्वन्धि व्यवस्थाको पालना गरेर मात्र निर्माण कार्य गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

६२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ४७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छयौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छयौट गर्नुपर्ने उल्लेख छ। पालिकाको गतवर्ष तथा यस वर्ष भुक्तानी दिएको पेश्की रु.३८,९१,६२०.०० फस्र्यौट गर्न बाँकी रहेको देखिन्छ । नियमानुसार मोविलाईजेशन पेश्की रकम फस्र्यौट गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८०/०४/०१ | ७ | माई पर्यापर्यन सिटी विकास परियोजना | एपेक्स खनाल जे.भी. | ३,००,०००.०० | विगत वर्षको |
| २ | २०८०/०६/२० | ३ | वडा नं.१, ३, ४, ५, ६, ८, १० वडा कार्यालय भवन निर्माण(क्रमागत) | एबिसि निर्माण सेवा | १०,०६,०००.०० | |
| ३ | २०८०/१२/०४ | ८ | जनसिद्ध आ.वि. भवन निर्माण माई ८ | प्राश्ना–गरिमा जे.भि. | १०,८५,०००.०० | |
| ४ | २०८०/१२/२७ | १० | जनसिद्ध आ.वि. भवन निर्माण माई ८ | प्राश्ना–गरिमा जे.भि. | १०,८५,०००.०० | |
| ५ | २०८०/०४/०१ | १ | गरुवा मादले माझबारी चाउरीबारी सिंचाइ योजना | गरुवा मादले सिचाई | २,८०,०००.०० | विगत वर्षको |
| ६ | २०८०/०४/०१ | १ | गरुवा मादले माझबारी चाउरीबारी सिंचाइ योजना | गरुवा मादले सिचाई | १,३५,६२०.०० | विगत वर्षको |
| **कुल जम्मा** | | | | | **३८,९१,६२०.००** | |

## ६३ विगत वर्षको पेश्की बाँकी

पालिकाले गरुवा मादले माझबारी चिउरीबारी सिंचाइ योजनालाई विगत आर्थिक वर्षमानै भुक्तानी गरेको पेश्की मध्ये ४१५६२० यो वर्षको अन्त्यसम्म पनि फस्यौंट भएको देखिएन। उपभोक्ता समितिले विगत वर्षमा लगेको पेश्की नियमानुसार फस्यौंट नभएकोले रकममा वार्षिक १० प्रतिशतका दरले हुने व्याज रु ४१५६२।- समेत असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,५७,१८२ |
|---|---|

## ६४ पेश्की भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ४७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छयौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छयौट गर्नुपर्ने उल्लेख छ। पालिकाले माई नगरपालिकाले पालिका क्षेत्रमा पर्यापर्यटन सिटी विकास कार्यका लागि निर्माण व्यवसायी एपेक्स खनाल जे.भी.लाई भुक्तानी गरेको कुल ४० लाख पेश्की मध्ये यो वर्षको अन्त्य सम्म फस्यौंट नभै रु ३००००० बाँकी रहेको देखिन्छ । निर्माण कार्यको थप म्याद समेत समाप्त भैसकेकोले उक्त पेश्की रकम असुल गरी फस्यौंट गर्नुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | ३,००,००० |
|---|---|

## ६५ सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षित नागरिक आवास कार्यान्वयन(पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ५ को उपदफा ७ मा छनौट भएका लाभग्राहीलाई स्थानीय तहसँग सम्झौता भएपछि पहिलो किस्ता बापत साठी प्रतिशत रकम उपलब्ध गराउने र बाँकी ४० प्रतिशत रकम कार्यसम्पन्न भएपश्चात भुक्तानी दिने व्यवस्था छ। यस पालिकामा आ.व.०७६।७७ मा पहिलो किस्ता भुक्तानी भएकोमा हालसम्म उक्त कार्यक्रममा रु १२ लाख बजेट विनियोजन गरेको देखिन्छ। पालिकाका ५५० घरधुरी मध्ये आर्थिक वर्ष ०७९।८० मा ४९० घरधुरीले मात्र कार्यसम्पन्न गरि भुक्तानी लिएको देखियो। बाँकी ६० परिवारले हालसम्म पनि कार्यसम्पन्न गरि दोस्रो किस्ताको लागि भुक्तानी माग नगरेको कारणले विनियोजन रकम मध्ये रु.१२,००,००० अनुदान फिर्ता गरेको देखिन्छ। लामो समयसम्म पहिलो किस्ता लगेर दोस्रो किस्ताको लागि माग नगरेको हुँदा लाभग्राहीलाई भुक्तानी भएको पहिलो किस्ताबापतको रकमको सहि सदुपयोग भएको छ भन्ने अवस्था देखिएन । उक्त कार्यक्रमको पालिकाबाट अनुगमन गरि भुक्तानी भएको रकमको सहि सदुपयोग तथा कार्यक्रमको आवश्यकताका सम्बन्धमा एकिन गर्नुपर्दछ।

## ६६ फरक कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ। पालिकाले यो वर्ष संघीय समपुरक अनुदानबाट संचालित योजनाका लागि पालिकातर्फ वाट व्यहोर्नुपर्ने समपुरक रकमका लागि विनियोजित भएको वडा कार्यालय भवन निर्माणमा विनियोजित रकम वाट कार्यक्रम संशोधन वेगर सडक वोर्डवाट संचालित योजना तथा झोलुङ्गेपुल निर्माणका लागि सोधभर्ना हुने गरी देहाय बमोजिम रु.५०,९७,७७६।०० भुक्तानी गरेको देखिन्छ।उक्त भुक्तानीको सोधभर्ना समेत सोही आर्थिक वर्षमा नभएको तथा कार्यक्रम संशोधन वेगर फरक कार्यक्रममा भुक्तानी भएको देखिएकाले नियम सम्मत नदेखिएको रु.

| मिति | भौचर नं | खर्च लेखेको कार्यक्रम | भुक्तानी भएको कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०८१/०३/२४ | २८१ | वडा कार्यालय भवन निर्माण | झोलुङ्गेपुल तथा सडक बोर्डको योजनाको सोधभर्ना हुने गरी भुक्तानी | ९,००,०००.०० |
| २०८१/०३/२४ | २८१ | वडा कार्यालय भवन निर्माण | झोलुङ्गेपुल तथा सडक बोर्डको योजनाको सोधभर्ना हुने गरी भुक्तानी | ५,८४,४४६.०० |
| २०८१/०३/२४ | २८१ | वडा कार्यालय भवन निर्माण | झोलुङ्गेपुल तथा सडक बोर्डको योजनाको सोधभर्ना हुने गरी भुक्तानी | ३६,१३,३३०.०० |
| **जम्मा** | | | | **५०,९७,७७६।००** |

| अनियमित भएको | ५०,९७,७७६ |
|---|---|

## ६७ आधारभुत स्वास्थकेन्द्र निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने कार्य उपभोक्ता समिति मार्फत संचालन गर्न नहुने व्यवस्था छ। पालिकाले वडा नं ५ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि उपभोक्ता समिति सँग मिति २०८०।७।३० मा निर्माण सम्पन्न गर्ने गरी रु.४२,४९,६७५ मा सम्झौता भएको देखिन्छ। उक्त निर्माण कार्यका लागि पालिकाबाट रु.३५,००,००० तथा बाँकी रकम उपभोक्ता समितिबाट व्यहोर्नेगरी सम्झौता भएको छ । उपभोक्ता समिति उक्त निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्न नसकि आर्थिक वर्षको अन्यमा यो वर्ष अन्तिम रनिङ्ग विलको रु २२,७३,२६९ को प्राविधिक मूल्याङ्कन गरी गोश्वारा भौचर नं २७०, २०८१।३।१ बाट कार्यपालिकाबाट निर्णय गरी १८,१८,६१५।०० भुक्तानी भएको छ । पालिकाले भवन निर्माणको कुल रु.४१,६३,३७८ को कार्य स्विकार गरेको देखिन्छ । यसरी पालिकाले आर.सि.सि ढलान भएको भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको , निर्माण कार्यको गुणस्तर परिक्षण गराएको देखिदैन । यस्ता जटिल संरचना उपभोक्ता समिति मार्फत गराउदा निर्माण कार्यमा त्रुटि आएको खण्डमा त्यसको जिम्मेवारी उपभोक्ता माताहत नरहने समेत भएकाले प्रचलित कानुन विपरीत सम्झौता गरी भुक्तानी गरेको नियम सम्मत देखिदैन। पालिकाले यस्ता संरचना निर्माण गर्दा प्रतिस्प्रधात्मक विधिद्धारा गर्नुपर्दछ।

## ६८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रममा सुचीकृत वेरोजगार संख्या १४५० रहेकोमा पालिका अन्तर्गत १० वडामा १८ योजना सञ्चालन गरी यस वर्ष १०६ जनालाई औसत ७४.५ दिनले ७८९७ दिन रोजगारी उपलव्ध गराई रु.५२७५१९६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ६९ ननफाईलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले देहाय निर्माण आपुर्तकलाई सामान खरिद कार्यको भुक्तानी दिएकोमा पेश भएको कर बिजक परीक्षण गर्दा करदाता ननफाइलर देखिएको छ। तोकिएको समयमा कर बिबरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिँदा राजस्व खातामा दाखिला नहुने हुदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्न लगाइ पालिकाले भुक्तानी गरेको मुअकर सम्बन्धित आपुर्तिकर्ताले नियमअनुसार दाखिला गरेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

| भौ नं मिति | निर्माण व्यवसायी | मुअकर नं | विजक रकम मुअकर वाहेक | विजक नं मिति | ७० प्रतिशत मुअकर | नन्नफाईलर |
|---|---|---|---|---|---|---|
| २८६ २०८१।३। २४ | गिरी निर्माण सेवा | ६०८६३६३५१ | २७४७३१८।०९ | ०८ २०८१।३। २४ | २५०००५।९५ | २०८०/T/३ |
| ९० २०८०।११। २९ | गिरी निर्माण सेवा | ६०८६३६३५१ | ५७२५३१।२८ | ६ २०८०।११। १४ | ५२१००।३४ | २०८०/T/३ |
| १३ २०८०।९। २३ | गिरी निर्माण सेवा | ६०८६३६३५१ | १४९४४२४।९४ | ४ २८०।९।१९ | १३५९९२।६९ | २०८०/T/३ |
| १६ २०८०।०७। ०२ | गिरी निर्माण सेवा | ६०८६३६३५१ | १२०४४४३।६६ | २ २०८०।७।२ | १०९६०४।३४ | २०८०/T/३ |
| ११ २०८०।९। १८ | गिरी निर्माण सेवा | ६०८६३६३५१ | ९१३९३२।१५ | ३ २०८०।९१६ | ८३१७२।७३ | २०८०/T/३ |
| ८९ २०८०।११। २९ | गिरी निर्माण सेवा | ६०८६३६३५१ | ७३५५०२।४८ | ५ २०८०।११। १४ | ६६९३०।७२ | २०८०/T/३ |
| ९७ २०८०।१२। ४ | माई भगवती कन्सट्रक्सन प्राली | ६०६८५३९७२ | १६६८१४२।७० | १० २०८०।११। २७ | १५१८००।६० | २०८०।m। १ |
| १७१ २०८१।१। २८ | माई भगवती कन्सट्रक्सन प्राली | ६०६८५३९७२ | १४४५१४७।५० | २० २०८१।१। २७ | १३१५०८।३० | २०८०।m। १ |
| २८५ २०८१।३। २४ | माई भगवती कन्सट्रक्सन प्राली | ६०६८५३९७२ | ६४१८७४।०० | ३३ २०८१।३। २४ | ५८४१०। ५३ | २०८०।m। १ |
| १६२ २०८१।१। २४ | माई भगवती कन्सट्रक्सन प्राली | ६०६८५३९७२ | १२२५१५० | १९ २०८१।१। २३ | १११४८८।६५ | २०८०।m। १ |
| २९६ २०८१।३। २४ | माई भगवती कन्सट्रक्सन प्राली | ६०६८५३९७२ | ५६३६९९।१० | ३२ २०८१।३। २४ | ५१२९६।०० | २०८०।m। १ |
| १६ २०८०।१०। १० | एविसि निर्माण सेवा | ६०००८१७०६ | १४१३०२४ | ३ ३०८०।१०।३ | १२८५४३ | २०८०।T/3 |
| ४३ २०८१।३।६ | एविसि निर्माण सेवा | ६०००८१७०६ | १०७९०६१ | १४ २०८१।३।५ | ९८१९५ | २०८०।T/3 |
| ५३ २०८१।३। २४ | एविसि निर्माण सेवा | ६०००८१७०६ | ७२७४९३ | २० २०८१।३। २४ | ६६२०२ | २०८०।T/3 |
| २४५ २०८१।३। १६ | धिताल कन्सट्रक्सन | ६०७८३८९५८ | ११७०४८३ | ०५ मिति नखुल्ने | १०६५१४ | २०८०।T/3 |
| **जम्मा** | | | | | **१५४३३५४.३२** | |

## ७० माई पर्यापर्यटन सिटी विकास परियोजना

माई नगरपालिकाले पालिका क्षेत्रमा पर्यापर्यटन सिटी विकास गर्ने कार्यको विस्तृत परियोजना प्रतिवेदन वमोजिम आयोजनाको कुल लागत अनुमान रु.७,११,१८,३३१।८१ तयार गरेको देखिन्छ । विस्तृत परियोजना प्रतिवेदन वमोजिम आयोजनामा एक साँस्कृतिक भवन, गेट निर्माण, नदि नियन्त्रण कार्य तथा पार्क तथा कम्पाउण्ड निर्माण गर्नुपर्ने देखिन्छ । उक्त कार्य गर्नका लागि निर्माण व्यवसायी

एपेक्स खनाल जे.भी. सँग २०७८ असोज १३ मा रु.४,१७,५९,४२९।५९ भुक्तानी गर्नेगरी सम्झौता गरी रु.४०,००,०००।०० पेश्की उपलब्ध गराएको देखिन्छ । निर्माण व्यवसायीले उक्त निर्माण कार्य मिति २०८०।९।१३ गते सम्पन्न गर्नुपर्नेमा यो वर्षको अन्त्य सम्म उक्त निर्माण कार्यमा कुल रु.३,१७,१६,४८७ (मुल्य समायोजन समेत) भुक्तानी भएको देखिन्छ । निर्माण व्यवसायीले उक्त निर्माण कार्य तोकिएको समयावधिमा सम्पन्न गर्न नसकि कार्यपालिकाको निर्णय वमोजिम मिति २०८१।३।३० सम्म निर्माण कार्यको म्याद थप गरेको देखिन्छ । उक्त निर्माण कार्यको भौतिक प्रगति ७० प्रतिशत मात्र भएको देखिन्छ । यसरी सम्झौता अवधि समाप्त भैसके पश्चात समेत निर्माण कार्यको थप प्रगति देखिएन । संघिय सरकारको वजेटवाट योजना कार्यान्वियन भएको र हाल सङ्घीय सरकार प्राप्त हुने वजेट विनियोजन नभएको तथा निर्माण व्यवसायीले विल भुक्तानी नभएको अवस्थामा थप कार्य गर्न नसक्ने अवस्थाले थप कार्य हुन नसकेको जानकारी गराएको छ । प्रगतिका आधारमा संघिय सरकार सँग वजेट माग गरी अधुरो निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

## ७१ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित विभिन्न योजनाहरु मध्ये नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायका सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेकोले नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी उल्लेखित प्रावधान विपरित उपभोक्ता समितिले हेभि मेसिनको प्रयोग गरी निर्माण कार्य गरेको देखिन्छ । पालिकाले हेभि मेशिनको दरवाट लागत अनुमान र मुल्याङ्कन गरेकोले उपभोक्ता समिमतिले हेभी मेशिन प्रयोग गरेको जनाएको छ ।श्रममुलक निर्माण कार्यमात्र उपभोक्ता समिति मार्फत गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सि.न. | गो.भौ.न./मिति | आयोजनाको नाम | आयोजनामा भएको जम्मा खर्च | भुक्तानी रकम रु. | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| १ | ८२,२०८०। ११।१३ | एन.वि.भञ्ज्याङ रुमाले बाटो | १०००००.०० | १०००००.०० | साइमा विल्डर्स प्रा.लि. |
| २ | १०२,२०८०। १२।०६ | पहिरेनी भञ्ज्याङदेखि टावर जोड्ने सडक सोलिङ तथा बहुलाखोल्सी मनिराजको घर सम्म जाने बाटो मर्मत | ३४१०००.०० | ४२७१४.०० | इलामेली निर्माण सेवा |
| ३ | १०३,२०८०। १२।०६ | माई किनारा कपरसुका कुलो मर्मत | १०००००.०० | ४८७९१.०० | माई भगवती कन्ष्ट्रक्सन प्रा.लि. |
| ४ | १०४,२०८०। ०१२।०६ | पुर्वेझोडा सडक | २०००००.०० | १८२९६८.०० | कन्काई निर्माण सेवा |
| ५ | ११६,२०८०। १२।१८ | हेलांगे हुँदै कैलादेन जोड्ने सडक | ५०००००.०० | १९९३०६.०० | थपरा फुङ कन्स्ट्रक्सन प्रा लि |
| ६ | १२०,२०८०। १२।१८ | टोलदे विकास भवन | ३७६४४.०० | ३७६४४.०० | धिताल कन्ष्ट्रक्सन |
| ७ | १९२,२०८१। ०२।१४ | पौडेल गाउँबाट भट्टराईको घरसम्म | २४३४७४.०० | २२५६६१.०० | भोज्क निर्माण सेवा |
| ८ | १९५,२०८१। २।१४ | डुडे देवी थापा गाउँ सडक मर्मत | ९७५८८.०० | ९७५८८.०० | साधमा कन्ष्ट्रक्सन प्रा लि |
| ९ | २३६,२०८१। ०३।११ | लिङखिम गाउँदेखि कविको घर जोड्ने सडक | ५७१९९.०० | ५७१९९.०० | इलामेली निर्माण सेवा |
| १० | २४३,२०८१। ०३।१६ | खेल मैदान स्तरउन्नति | १४०३८९.०० | १३३५९७.०० | इलामेली निर्माण सेवा |
| ११ | २२२,२०८१। ०२।३१ | मैनाचुली सडक मर्मत | १५००००.०० | १४०९५६.०० | सेमि निर्माण सेवा प्रा.लि. |
| १२ | ६२,२०८०। १०।२९ | धोविखोला वस्ति हुँदै बाङ्गेबुचे रमिते सडक मर्मत तथा स्तरउन्नति | ४८७३८०.०० | ३२०१९५.०० | माइ पोखरी इन्जिनियरिङ्ग एण्ड डेभलोपर्स प्रा.लि. |
| | **जम्मा** | | **२४५४६७५.००** | **१५८६६१९.००** | |

७२ **जग्गा वर्गिकरण**

भु उपयोग ऐन, २०७६ को दफा ६ (५)मा प्रत्येक स्थानीय तहले भूउपयोग क्षेत्र नक्सा तथा आफ्नो क्षेत्रभित्रकों आर्थिक, सामाजिक, पूर्वाधार विकास लगायतका विषय समेतको आधारमा सङ्घीय र प्रदेश स्तरीय भूउपयोग योजनासँग प्रतिकूल नहुने गरी स्थानीय भूउपयोग योजना तयार गर्नु पर्ने र तयार गरिएको भूउपयोग योजना स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत गराई लागू गर्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष उक्त योजना निर्माणका लागि रु १२ लाख वजेट विनियोजन गरी परामर्शदाता विआन इन्जिनियरिङ्ग प्रालि सँग कार्यक्षेत्रगत शर्त (TOR) को अधिनमा रहि भुउपयोग योजना तयारीको कार्य मिति २०८१।३।२५ सम्म सम्पन्न गर्न रु. ११,९७,१२२।- मा मिति २०८०।८।२५ मा सम्झौता भएको देखिन्छ। पालिका तथा परामर्शदाता विच भएको सम्झौता वमोजिम परामर्शदाताले भु उपयोग ऐनमा भएको व्यवस्था वमोजिम कृषि, आवासिय, व्यवसायीक लगायत विभिन्न ११ क्षेत्रमा र सो अनुसारका तोकिएका उपक्षेत्रमा समेत जग्गाको वर्गिकरण गरी cadastral parcel सहितको डाटा वेस र नक्सा सहितको प्रतिवेदन वुझाउनुपर्ने गरि सम्झौता भएको देखिन्छ। तथापी

परामर्शदाताले कार्यक्षेत्रगत शर्तका सम्पुर्ण कार्य नगरी पालिका क्षेत्र भित्र रहेका निजि ६१९५ कित्तालाई कृषि, व्यवसायीक तथा आवासिय क्षेत्रमा वर्गिकरण गरी यो वर्ष कुल रु.११,३७,९००।- भुक्तानी गरेको देखिन्छ । परामर्शदाताले कार्यक्षेत्रगत शर्त वमोजिमको सम्पुर्ण कार्य गरी प्रतिवेदन तथा डाटावेस लगायत उपलब्ध गराई स्थानीय भु उपयोग परिषदवाट स्विकृत गरी जिन्सी आम्दानी समेत भएको प्रमाण पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३७,९०० |

७३ **जग्गा खरिद**

सङ्घीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको मिति २०७५।२।१३, च.न २१३ को पत्र वमोजिम नेपालको संविधानको अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा गाउँपालिका वा नगरपालिकाले कुनै परियोजना सञ्चालन गर्न सरकारी वा कुनै निजी जग्गा प्राप्ति गर्नु पर्ने अवस्थामा अर्को व्यवस्था नभएसम्मको लागि हाललाई जग्गा प्राप्ति ऐन, २०३४ ले तोकेको प्रकृया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ ले तोकेको प्रकृया पूरा गरी प्राप्ती गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष हिमालय माध्यमिक विद्यालय खेलमैदान निर्माण तथा जग्गा खरिद भनि सो कार्यक्रमका लागि रु १५ लाख वजेट विनियोजन गरेको देखिन्छ। सो पश्चात पालिकावाट सो विद्यालयलाई आवश्यक पर्ने जग्गा खरिदको लागि श्री वुद्धि प्रसाद खनालको संयोजकत्वमा ५ सदस्य समिति गठन गरी समितिले खेलमैदानका लागि आवश्यक जग्गा कानुन वमोजिम खरिद गरी माई नगरपालिका वडा नं १० को स्वामित्वमा ल्याउन सुझाव पेश गरेको देखिन्छ । तथापी पालिकाले विद्यालय व्यवस्थापन समितिले खरिद गर्नुपर्ने जग्गा धनि सँग जग्गाको दररेट माग गरी प्रति रोपनि रु. १,५०,००० का दरले दररेट पेश गरेको देखिन्छ। जग्गा प्राप्ती ऐनमा भएको कुनैपनी प्रकृया पुरा नगरी विद्यालयले दररेट माग गरेको आधारमा पालिकाले विनियोजन भएको रु १५,००,००० विद्यालयको खातामा भुक्तानी गरेको देखिन्छ। उक्त जग्गा समितिको सिफारीस वमोजिम वडा वा पालिकाको स्वामित्वमा आएको प्रमाण समेत रहेको देखिदैन । प्रचलित कानुनी व्यवस्था विपरीत जग्गा खरिद गरि भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

७४ **कार्यक्रम विपरित खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ। तर पालिकाले नविकरणीय उर्जा प्रविधि जडान अन्तर्गत विद्युतिय चुल्हो तथा सुधारिएको चुल्हो लाभग्राही पहिचान तथा छनौट गरी वितरण गर्नुपर्नेमा लाभग्राही छनौट नगरी कार्यपालिकाको २०८१।३।९ को निर्णय वमोजिम स्वास्थ्य ईकाई तथा पालिकाको लागि व्याकअप खरिदबापत भौ.न.४५-०८०।३।१७ बाट लाईट एण्ड मोर सप्लायर्स विर्तामोडलाई रु.७,९८,९४८।०० भुक्तानी भएको देखियो। विपन्न लाभग्राहीहरुको लागि विनियोजन भएको बजेटबाट कार्यलय प्रयोजनमा खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९८,९४८ |

७५ **आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषयहरु**

७५.१ (क) विल भरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई¸ कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले युवा वर्ष मा वि मा वालविकास कक्षाको रङ्गरोगन तथा शैक्षिक सामग्री खरिद कार्यक्रम अन्तरगत गो भौ नं ६४६।२०८१।३।६ बाट रु.१,४९,९७०।०० भुक्तानी भएकोमा खरिद भएका शैक्षिक सामग्री सम्बन्धित विद्यायलको जिन्सी खातामा दाखिला भएको कागजात संलग्न नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,९७० |

७५.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७६ **फरक कार्यक्रमा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नु पर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नको लागि तालुक केन्द्रीय निकायमा लेखी पठाउनु पर्ने र कार्यक्रम संशोधन भए पश्चात मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष सङ्घीय शसर्त अनुदान तर्फ स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता का लागि (२११११ तलव) मा विनियोजन भएको देहाय वमोजिमको तोकिएको खर्च शीर्षक भन्दा फरक हुने गरी खर्च मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूला्इ औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम खर्च शिर्षक (२११२३ औषधि उपचार खर्च) मा खर्च गरी विभिन्न व्यक्तिलाई भुक्तानी गरेको देखियो । त्यसका अतिरिक्त इन्धनमा समेत भुक्तानी भएकाले फरक कार्यक्रम र खर्च शिर्षकवाट भुक्तानी भएको नियम सम्मत नदेखिएको रु...

| खर्च भएको खर्च शिर्षक | गोश्वारा भौचर र मिति | खर्च भएको कार्यक्रम | खर्च भएको रकम | कैफियत |
|---|---|---|---|---|
| (२११११ तलव ) | १८ २०८०।७।२२ | २११२३(औषधि उपचार खर्च) | ५९५००० | २१०००० हिसाव समायोजन पश्चातको रकम |
| (२११११ तलव ) | २५४ २०८१।२।२८ | २२२१२(ईन्धन) | ५३०५० | |
| (२११११ तलव ) | २०१ २०८०।११।३० | २२२१२(ईन्धन) | ५१०३६ | |
| (२११११ तलव ) | २३२ २०८०।२।६ | २२२१२(ईन्धन) | ६१३७० | |
| **जम्मा** | | | **७,६०,४५६** | |

| अनियमित भएको | ७,६०,४५६ |
|---|---|

७७ **खर्च विश्लेषण**

पालिकाले खर्च गर्दा बजेटको स्रोतको आधारमा अधिकतम मितव्ययी तवरले बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । पालिकाले गत वर्ष र यो वर्ष विनियोजन गरेको बजेट र खर्चको उल्लेखित शिर्षकमा भएको विनियोजन तथा खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

| विविरण | बजेट (२०७९.८०) | आ.व २०७९/८० खर्च | बजेट (२०८०/८१) | आ.व 2080/८१ खर्च | बजेट वृद्धि | खर्च वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | | | प्रतिशत | प्रतिशत |
| चालु खर्च | ४२२८८५८३१. | ३२६४०१९०१.२ | ३९१७१३०००. | ३४८३४०३५४.९ | -७.३७ | ६.७२ |
| पुँजिगत खर्च | २४९८६३४०४.७९ | १९६२४१२५२. | २१५५६६०००. | १८५५८९०९१. | -१३.७३ | -५.४३ |
| कार्यालय संचालन | २७८००००. | २६४२०६४.४ | ३६२८०००. | ३६२२२१९. | ३०.५ | ३७.१ |
| इन्धन | ३६४५०००. | ३५७९९३६. | ६९०००००. | ६४३५६४४. | ८९.३ | ७९.७७ |
| विविध | ९००७०००. | ६५८००१८. | ४६२७०००. | ४५०९८२२. | -४८.६३ | -३१.४६ |
| मर्मत सवारी साधन | २८४५०००. | २७०७४०८. | ४८५००००. | ४७४३८८१. | ७०.४७ | ७५.२ |

उल्लेखित विवरण अनुसार चालुखर्च गतवर्षको तुलनामा बजेट न्युन भएकोमा खर्च वृद्धि हुदै गएको देखिन्छ ।पुँजिगत तर्फ बजेट विनियोजन रु २४ करोड ९८ लाख रहेकोमा यो वर्ष २१ करोड ५५लाख मात्र भएको र खर्च समेत घट्न गै १८ करोड ५६ लाख मात्र भएको छ ।यसवाट पालिकाको पुँजीगत खर्च न्युन हुदै गएको देखिन्छ। पालिकाले यो वर्ष कार्यालय सम्बन्धी खर्च ३७.१० प्रतिशतले वृद्धि भएको छ भने मर्मत खर्च र ईन्धन खर्च ७५.२२ र ८० प्रतिशतले वृद्धि भएको देखिन्छ।पालिकाले विविध खर्च तर्फ गतको तुलनामा ३१ प्रतिशत न्युन खर्च गरेको भएतापनि कुल विविध खर्च ४५ लाख १० हजार भएको छ । पालिकाले आफ्नो आन्तरीक आय तथा स्रोतको विश्लेषण गरी चालु तर्फका खर्चमा नियन्त्रण गर्दै पुँजि निर्माण हुने क्षेत्रमा विनियोजन तथा खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७८ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मर्मत तर्फ रु.४८,५०,०००.०० बजेट विनियोजन गरी रु.४७,४३,८८१.०० खर्च गरेको छ। सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता व्यवस्थित राखेको पाइएन। नियमावलीमा भएको व्यवस्थाको पालना गरी मर्मत खर्च गर्नुपर्दछ।

७९ **इन्धन खर्च**

कोशी प्रदेश, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धि निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाको १ ब्याक्होलोडर, १ टिपर, ४ वटा चार पाँग्रे सवारी तथा मोटरसाइकल रहेकोमा सोमा ईन्धनको भुक्तानी गर्दा इन्धन खर्चको मापदण्ड तयार नगरी सबै प्रकारका शिर्षकवाट रु.६४,३५,६४४।०० खर्च गरेको छ। पालिकाले पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड समेत तयार गरेको छैन। पालिकाले प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ। ब्याक्होलोडर तथा टिपर संचालन गर्दा अन्य निकायलाई भाडामा दिनु पर्ने अवस्थामा सोको दररेट स्वीकृत गरी लगवुक राखी भाडा असुल गर्नु पर्ने एवं पालिकाले विकास निर्माणको काममा प्रयोग गरेमा सो कामको लागत अनुमान तयार गरी भएको कामको नापी कितावमा जनाइ कार्यस्वीकार प्रतिवेदन समेत तयार गर्नु पर्दछ ।

| खर्च शिर्षक | बजेट रकम | खर्च रकम |
|---|---|---|
| २२११ इन्धन (पदाधिकारी) | १७,००,०००.०० | १५,११,७०२.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २७,००,०००.०० | २४,२८,६३४.०० |
| २३१४ इन्धन - अन्य प्रयोजन | २५,००,०००.०० | २४,९५,३०८.० |
| जम्मा | ६९०००००.०० | ६४३५६४४।०० |

८० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध खर्च शिर्षकमा रु. ४६,२७,०००।०० बजेट विनियोजन गरी रु.४५,०९,८२२ खर्च गरेको देखिन्छ । सो वाहेक सभा संचालनका लागि वर्ष भरीमा रु ४,३९,२६० खर्च गरेको देखिन्छ । पालिकाको कुल विविध खर्च आन्तरीक आय रु.२,०४,४५,५७७.६९ को तुलनामा २४।६० प्रतिशत रहेको देखिन्छ ।पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा विविध खर्च न्युनिकरण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

८१ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले यो वर्ष पालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक रु ७,००० देखी रु ८,००० सम्मका दरले प्रोत्साहन तथा फिल्ड भत्ता वापत उपलव्ध गराएको देखिन्छ ।उक्त भत्ता बापत प्रोत्साहन तथा फिल्ड भत्ता शिर्षकवाट यो वर्ष रु.१९,६९,५९७ भुक्तानी गरेको देखिन्छ। कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएको तथा आन्तरिक स्रोतको आय न्युन भएको अवस्था साथै विगतवर्षमा सभावाट भएको निर्णय बमोजिम हल सम्म सोही दरमा फिल्ड भत्ता बापत खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको छ। यस्तो खर्च कार्यविधि तयार गरी कार्यसम्पादन सुचकाङ्कको आधारमा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्नेमा सो वेगर भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,६९,५९७ |

८२ **आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था छ। पालिकाले यो वर्ष आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रु.३,००,००० वजेट विनियोजन गरेको देखिन्छ । उक्त वजेटलाई कार्यपालिकाको वैठकले सुखानी देखी सितली सम्मको वाटो सरसफाई तथा खाल्डाखुल्डी पुर्ने कार्यमा खर्च गर्ने निर्णय गरेको भएतापनि सो कार्य गर्नका लागि लागत अनुमान , लाभग्राही समुदाय वा सेवा प्रदायकको छनौट वेगर ६० जना व्यक्तिलाई ६ दिन काममा लगाएको डोर हाजिरीका आधारमा वुद्धिमान लिम्वुका नाममा एकमुष्ठ २,४७,८०० भुक्तानी गरेको देखिन्छ। यसरी एक कार्यक्रमका लागि छुट्याइएको वजेट अर्को कार्यक्रममा खर्च गर्दा कार्यक्रम शंसोधन नगरेको, गर्नुपर्ने कार्यको प्राविधिक लागत अनुमान नगरेको, लाभग्राही समुहको गठन नभएको साथै गरेको कार्यको प्राविधिक मुल्याङ्कन समेत नभएको नदेखिएकोले एक व्याक्तिलाई रकम भुक्तानी गरेको नियम सम्मत देखिएन । उल्लेखित प्रमाण संलग्न गरि नियमित गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४७,८०० |

८३ **करार कर्मचारीलाई प्रसुती स्याहार खर्च**

निजामती सेवा नियमावली, २०५० तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा स्थायी कर्मचारीलाई प्रसुती स्याहार भत्ता उपलब्ध हुने व्यवस्था भए तापनि करार कर्मचारीलाई सो सम्बन्धी कुनै व्यवस्था छैन। तर पालिकाले निम्नानुसारका कर्मचारीलाई प्रसुती स्याहार भत्ता भुक्तानी गरेको पाइएकोले नपाउने भत्ता वापत भुक्तानी भएको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| **क्रम संख्या** | **कर्मचारीको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| 1. | अ.हे.व. राजेश कुमार सरदार | ५,०००.०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

८४ **महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका** (२६८-२०८१-३-११):

महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रम रणनीति,२०६७ को दफा २.३.५(ख) मा स्थानीय तहले सामान्यतया तराईमा १०००,पहाडमा ६००, र हिमालमा १५० जनसंख्याको लागि १ जना रहने गरी महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका छनौट गर्न सक्ने व्यवस्था रहेको छ । यस बाहेक स्थानीय तहको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र आफ्नो क्षमताको आधारमा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका संख्या थप गर्न सक्ने र यसरी थप गरिएको महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको आर्थिक भार आफैले व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय जनगणना २०७८ बमोजिम यस पालिकामा ३०९६९ जनसंख्या रहेको छ । जसको लागि पहाडी जिल्लामा ६०० जनसंख्याको लागि १ महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका अनुसार जम्मा ५२ जना महिला

सामुदायिक स्वास्थ्य स्वयमसेविका नियुक्ति गरी सोहि बमोजिम सेवा सुविधा भुक्तानी गर्नुपर्नेमा यस गाउपालिकामा ९९ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका रहेकोले तोकिए भन्दा ४७ जना बढी महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई भुक्तानी गरेका देहाय बमोजिमका सुविधा वापतको रकम नियमसम्मत नदेखिएको रु.

| सि.न. | सेवा/सुविधा शिर्षक | बढी संख्या | भुक्तानी दर रु. | जम्मा भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | पोशाक भत्ता | ४७ | १०००० | ४७००००।०० |
| २ | यातायात | ४७ | १२००० | ५६४०००।०० |
| ३ | यातायात(भिटामिन ए वापत ४ पटकको रु.४०० को दरले) | ४७ | १६०० | ७५२००।०० |
| | **जम्मा रु.** | | | **११०९२००।००** |

| अनियमित भएको | ११,०९,२०० |
|---|---|

८५ **दोहोरो भुक्तानी** (१८-२०८०-७-२२):

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामिहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८ को परिच्छेद २(४) बमोजिम नेपाल सरकारले दोहोरो नपर्ने गरी सम्बन्धित लाभग्राहीको बैक खातामा मासिक रु.५ हजारको दरले त्रैमासिक रुपमा रकम उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले तेजमाया राई (ना.न.९९३/२८९४) लाई गत आ.व.२०७९।८० को छुट रकम भुक्तानी गरेको जनाई रु.४०,०००.०० भुक्तानी गरेकोमा उक्त रकमको परीक्षण गर्दा तेजमाया राई(ना.न.९९३/२८९४) लाई गत आ.व.२०७९।८० मा नै रु.६५,०००.०० भुक्तानी गरेको देखियो । यस प्रकार उपलव्ध गराएको रकम तथा अनुदानको रकम सार्वजनिक गर्नुपर्दछ । यसबाट तेजमाया राईलाई गत आ.व.मा रु. ५,०००.०० र यस आ.व.२०८०।०८१ को रु.४०,०००.००० (गत आवमा छुट रकम उल्लेख गरी यस आवमा भुक्तानी गरेको रकम) सहित रु.४५,०००.०० बढी भुक्तानी गरेको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४५,००० |
|---|---|

८६ **नपाउने भत्ता भुक्तानी** (२८८-२०८१-३-१८):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८७ **बरवुझारथ नगरेको जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान तथा अन्य सरकारी सम्पत्ति वा स्रेस्ता हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नु पर्ने उल्लेख छ। पालिकाले विगत वर्षमा कर्मचारी तथा पदाधिकारीलाई वुझाएको जिन्सी मालसामानको विवरण माग गर्दा विगतमा सामाजिक परिचालक सहजकर्ताको रुपमा कार्यरत दिव्या चाम्लिङ्गले वुझेको देहाय बमोजिमको जिन्सी मालसामान हालसम्म फिर्ता गरेको देखिएन। उक्त जिन्सी मालसामान कानुनमा तोकिएको व्यवस्था वमोजिम चालु अवस्थामा फिर्ता गर्नुपर्ने अन्यथा प्रचलित कानुन वमोजिम असुल गर्नुपर्ने रु

| सिन | सामानको विवरण | परिमाण | मुल्य |
|---|---|---|---|
| १ | ल्यापटप एचपी | १ थान | ६३,५१० |
| २ | डिजिटल क्यामारा | १ थान | १७,६३९ |
| **जम्मा** | | | **८१,१४९** |

| प्रमाण पेश नगरेको | ८१,१४९ |
|---|---|

८८ **कोल्ड स्टोरेज संचालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। पालिकाले विगत वर्षहरुमा कोल्ड स्टोरेज संचालनका लागि माइ नगरपालिकाको वडा नं ४ वडा कार्यालय सगै संघ, प्रदेश तथा स्थानीय तहको लगानीमा निर्माण भएका पक्की भवन सेड भवन १ तथा सेड भवनमा जडान गरिएका देहाय वमोजिमका कोल्ड स्टोरेज उपकरण स्थलगत अनुगमन गर्दा हाल सम्म संचालन नगरी प्रयोगहिन अवस्थामा रहेको देखियो। कोल्डस्टोरेज संचालनका लागि निर्माण भएको भवनको उचित प्रयोग र उपयोग नहुदा जिर्ण वन्दै गएको देखिन्छ भने खरिद गरिएका उपकरणको उपयोग नहुदा लगानी तथा सेवा प्रवाहमा समेत असर परेको देखिन्छ। पालिकाले उक्त भवन सार्वजनिक जमिनमा निर्माण गरेको , हालसम्म जग्गाको स्वामित्व पालिकामा आएको देखिएन । जसले गर्दा राज्यले गरेको रु. ९२,४८,९२५ लगानीको प्रतिफल शुन्य भएको छ। पालिकाले उक्त संरचना प्रयोगमा ल्याउन जिम्मेवार र जवाफदेही वन्नुपर्दछ ।

| **सिन** | **संरचनाको विवरण** | **कुल खर्च** | **कैफीयत** |
|---|---|---|---|
| १ | कोल्ड स्टोरेज भवन | ४५८२४४३ | आ व २०७६।७७ र २०७७।७८ मा भुक्तानी भएको |
| २ | सेड भवन | ८३५७८२ | आ व २०७८।७९ मा निर्माण भै भुक्तानी |
| ३ | कोल्डस्टोरेज उपकरण | ३८३०७०० | आ व २०७८।७९ मा जेपी स्टिल एण्ड इन्जिनियरिङ्गवाट खरिद गरी सेड भवनमा जडान गरिएको |
| **जम्मा** | | **९२४८९२५** | |

८९ **पारिश्रमिक कर छुट**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१३,६७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६,७९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

९० **प्रोत्साहन भत्ता**

माई नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद २(४) मा कर्मचारीलाई अतिरिक्त समय खटाउन सक्ने व्यवस्था छ भने परिच्छेद २(५) मा अतिरिक्त समयको कामको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी कर्मचारीको हकमा शाखा प्रमुखले र शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको विवरण कर्मचारी प्रशासन शाखामा बुझाउनुपर्ने तथा कर्मचारी प्रशासन शाखाले अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी आर्थिक प्रशासन शाखामा

पठाउनुपर्ने व्यवस्था छ। तर पालिकाले गो भौ नं ६१०।२०८१।२।१७ बाट निम्नानुसारका दुई जना कर्मचारीलाई रु.१,२५,४२४।०० प्रोत्साहन भत्ता उपलब्ध गराउँदा कार्यविधिमा भएको व्यवस्था अनुरुपको ढाँचामा अनुसूची भरी प्रमाणित गराएको पाइएन। अतः निम्नानुसारका कर्मचारीको प्रोत्साहन भत्ताको तोकिएको ढाँचामा तयार गरी प्रमाणित गरेको विवरण पेश हुनुपर्ने अन्यथा सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

| **क्रम संख्या** | **कर्मचारीको नाम** | **भुक्तानी रकम रु.** |
|---|---|---|
| १. | हिमाल तिमल्सिना | ६९,९०४.०० |
| २. | होमनाथ अधिकारी | ५५,५२०.०० |
| | | १,२५,४२४.०० |

| प्रमाण पेश नगरेको | १,२५,४२४ |
|---|---|

९१ **दोहोरो तलब भत्ता भुक्तानी** (१-२०८१-३-२४):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४२,३७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

९२ **कर दाखिला नगरेको** (५८-२०८१-१-२४):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **८,५८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

९३ **बढी भ्रमण खर्च** (६६२-२०८१-३-१४):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

९४ **वढी दरमा बैठक भत्ता भुक्तानी**

शी प्रदेश सरकारद्वारा जारी गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (ख) बमोजिम कार्यपालिका बैठकको बैठक भत्ता वापत प्रति बैठक रु.१,०००।०० को दरले भुक्तानी दिन मिल्ने व्यवस्था छ। तर पालिकाले कार्यपालिका बैठकको भत्ता भुक्तानी गर्दा निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाई प्रति बैठक रु.१,२००।०० को दरले भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असूल हुनुपर्ने देखिएको रु.

| क्रमसंख्या | पदाधिकारी तथा कर्मचारीको नाम | बैठक संख्या | वढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | खम्बसिं लिम्बु | १० | २०० | २००० |
| २ | हिमा भण्डारी | १० | २०० | २००० |
| ३ | राम बहादुर राई | ६ | २०० | १२०० |
| ४ | उर्द बहादुर राई | ९ | २०० | १८०० |
| ५ | देव कुमार तामाङ | ९ | २०० | १८०० |
| ६ | हेम बहादुर लायो मगर | १० | २०० | २००० |
| ७ | भुपन्द्र पूर्वाछानेमगर | ९ | २०० | १८०० |
| ८ | खड्ग सुन्दर योङहाङलिम्बु | ९ | २०० | १८०० |
| ९ | बुद्दि प्रसाद खनाल | ७ | २०० | १४०० |
| १० | अमृत बहादुर मोक्तान | १० | २०० | २००० |
| ११ | लिला कुमार राई | ९ | २०० | १८०० |
| १२ | गणेश राई | १० | २०० | २००० |
| १३ | शान्ता राई | १० | २०० | २००० |
| १४ | कल्पना विश्वकर्मा | ९ | २०० | १८०० |
| १५ | शोभा राई | ७ | २०० | १४०० |
| १६ | तेज कुमारी लिम्बु | ९ | २०० | १८०० |
| १७ | खगीमाया राई | ८ | २०० | १६०० |
| १८ | राजेन्द्र राई | ५ | २०० | १००० |
| १९ | दल बहादुर विश्वकर्मा | १० | २०० | २००० |
| २० | कर सिंह राई | २ | २०० | ४०० |
| २१ | महेन्द्र विश्वकर्मा | १० | २०० | २००० |
| २२ | क्षेत्रनाथ शर्मा | ७ | २०० | १४०० |
| २३ | लक्ष्मण भुर्तेल | ८ | २०० | १६०० |
| २४ | धर्म प्रसाद भण्डारी | १० | २०० | २००० |
| जम्मा | | | | ४०,६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६०० |

### ९५ बस भाडा भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा

भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले प्र नं ३, ००१ ख २५३५ नम्बरको बस रिजर्व गरी ३१ जना जनप्रतिनिधि विभिन्न कामले काठमाण्डौं गएको कारण जनाई गो भौ नं ४१।२०८०।६।१४ बाट लिलादेवी खड्कालाई बस भाडा वापत रु.१,११,०००।०० भुक्तानी गरेको पाइयो। तर श्रेस्तासाथ संलग्न कागजात परीक्षण गर्दा भ्रमण गर्नुको स्पष्ट कारण खुल्ने कागजात संलग्न गरेको नपाइएकोले उक्त खर्चको औचित्यता पुष्टी हुन नसकेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,११,००० |

९६ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९७ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९८ **वढी भुक्तानी** (६८०-२०८१-३-२९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९९ **सामाजिक सुरक्षातर्फ**

९९.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या एकीन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु. १२,३३,८३,४६८ खर्च भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

९९.२ लगत कट्टाको अभिलेख : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ ।पालिकाले

मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

९९.३ सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

९९.४ एम.आई.एस विवरण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा लाभग्राहीको विवरण एम=आई=एस. अद्यावधिक लगतको आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखसँग भत्ता वितरण गर्न बैंकमा पठाईएको नामावली बराबर रहेको पाइयो। एम.आई.एस. विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमुना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको पाइयो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने नाम समावेश भई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एमआईएस लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ।

९९.५ पारदर्शिता र जवाफदेहिता: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

## १०० **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा १० वडाहरुको सामाजिक सुरक्षा भत्ता लक्ष्मी सनराइज बैङ्कबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| लाभग्राहिको प्रकार | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौँथो त्रैमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | जम्मा खर्च रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १८६७ | २२१६७३२५ | १८९२ | २२४५७७८१ | १९११ | २२६८४३५३ | १९५८ | २३२८५८५१ | ९०५९५३१० |
| जेष्ठ नागरिक भत्ता (दलित) | १४७ | ११६५०८० | १४८ | ११७८३८० | १५१ | ११९१६८० | १४२ | ११३३१६० | ४६६८३०० |
| जेष्ठ नागरिक एकल महिला | २३२ | १८४६०४० | २२९ | १८२२१०० | २२६ | १८०३४८० | २०८ | १६५८७७६ | ७१३०३९६ |
| विधवा | ३१५ | २४७११४० | ३२९ | २५९३५०० | ३३८ | २६५९१७४ | ३४८ | २७०३६०१ | १०४२७४१५ |
| पूर्ण अपाङ्गता भत्ता | ६४ | ७५४३७६ | ६३ | ७५४११० | ६२ | ७४२१४० | ६१ | ७२२०६१ | २९७२६८७ |
| अति अशक्त अपाङ्गता भत्ता | २४८ | १५७२५९२ | २५० | १५८६६३७ | २५० | १५९१७४४ | २४९ | १५७८९७६ | ६३२९९४९ |
| दलित बालबालिका | १५४ | २४१३८६ | १६१ | २४४०५४ | १६१ | २४६३३१ | १५५ | २४०३६० | ९७२१३१ |
| लोपन्मुख जाति | ६ | ७१८२० | ६ | ७१८२० | ६ | ७१८२० | ६ | ७१८२० | २८७२८० |
| **जम्मा** | **३०३३** | **३०२८९७५९** | **३०७८** | **३०७०८३८२** | **३१०५** | **३०९९०७२२** | **३१२७** | **३१३९४६०५** | **१२३३८३४६८** |

१०१ **सामाजिक सुरक्षा भत्ता मौज्दात**

सामाजिकि सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा नं १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाबै वितरण कार्य सम्पन्न गरी वितरण पश्चात बाँकी रहेको रकम फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सानिमा वैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा यो वर्षको रिभर्स फिड नगरी रु.४५,५२० बाँकी रहेको देखिन्छ ।उक्त रकम बैंक दाखिला (फिर्ता) गरेको नपाइएकोले प्राप्त गरी सङ्घीय संचितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,५२० |

१०२ **साना सिचाई आयोजना**

गाँउपालिकाले साना सिचाई योजनाहरुको भुक्तानी गर्दा श्रोतगत खर्च अनुपात मिलाई खर्च गर्नुपर्दछ। जसअनुसार सम्वन्धित योजना संघ सरकारको श्रोतवाट ५० प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, सम्वन्धित स्थानिय तहवाट २० प्रतिशत र उपभोक्ता समिति समेतले १० प्रतिशत अंश व्यहोर्नुपर्ने देखिन्छ । पालिकाले यस वर्ष खर्च गरेका ९ योजनामा पालिकाले १८.०४ प्रतिशत, संघ सरकारले ५१ प्रतिशत, प्रदेश सरकारले २०.४ प्रतिशत र उपभोक्ताले १०.२ प्रतिशत व्यहोरेको विवरण पेश गरेको छ । जसबाट पालिकाले तोकिएको दर भन्दा न्यून खर्च गरेकोबाट सोहि बमोजिम संघ र प्रदेश सरकारको बढी खर्च गरेको देखिन्छ । तसर्थ पालिकाले संघ र प्रदेश सरकारको बढी खर्च रकम सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६९,५६८ |

१०३ **गोठ सुधार तथा खोर सुधार कार्यक्रम**

कृषकलाई व्यवसायीक बाख्रा एवं बंगुर तथा गाई वस्तु पालनतर्फ आकर्षित गर्ने उद्धेश्यले माई नगर कार्यपालिकाद्वारा स्वीकृत भई जारी भएको माई नगरपालिका खोर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा माई नगरपालिका गोठ सुधार कार्यान्वयन कार्यविधि, २०७७ जारी भएको पाइयो। सोही उद्बेश्य अनुरुप यस वर्ष पालिकाले गोठ सुधार तथा खोर सुधारतर्फ रु.२१ लाख बजेट विनियोजन गरी रु.१७,८०,०००।०० खर्च गरेको पाइयो। उक्त कार्यविधिमा उल्लेख भए अनुसार यस कार्यक्रम सञ्चालनका लागि कृषक

छनौटका आधार अन्तर्गत नगरपालिकामा फर्म दर्ता गरी सक्रिय रुपमा पशुपालन गर्दै आएको किसान हुनुपर्ने, प्रस्तावकले प्रस्ताव पेस गर्दा अनुसूची-१ बमोजिमको विवरण खुलाई सम्बन्धित वडा कार्यालयमा रित पुर्वक निवेदन पेश गर्नुपर्ने, प्रत्येक वडाबाट वडा स्तरको निर्णयले प्रत्येक वडाबाट १० कृषि फर्म/कृषक छनौट गरी वडाको सिफारिसमा अनुदान रकम सम्झौता गरिने, वडा कार्यालयले अनुसूची-२ बमोजिमको सूचकहरुलाई मापदण्ड मानी कृषि फर्म/कृषक छनौटका लागि पशु सेवा शाखामा सिफारिस गर्नुपर्ने लगायतका व्यवस्था छ। तर पालिकाले यस वर्ष गोठ सुधार तथा खोर सुधार कार्यक्रम सञ्चालन अन्तरगत कृषक छनौटको कार्य गर्दा कार्यविधिमा उल्लेख भएका माथीका कुनै पनि आधार वेगर छनौट गरी कार्यक्रम सञ्चालन गरेको पाइयो। यसमा वितरण भएको अनुदानको पुर्ण विवरण सार्वजनिकरण गर्नु पर्दछ । यसरी कार्यविधिमा भएका छनौटका आधार अवलम्बन गरी अनुदान पाउन योग्य लाभग्राही छनौट गरी अनुदानको समुचित उपयोग हुने परिस्थिति सिर्जना गर्नुपर्नेमा सो वेगर लाभग्राही छनौट गरी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १७,८०,००० |

१०४ **न्यून कर कट्टी** (३५-२०८१-३-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **५,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६,०४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **३,७०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१२,५४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **११,७६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६,४३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **९,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१५,२३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०५ **विज्ञान प्रयोगशाला निर्माण स्थापना** (२८९-२०८१-३-१८):

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ मा भएको व्यवस्था बमोजिम पालिका अन्तर्गतको श्री शिशु सेवा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला संचालन तथा निर्माण कार्यको लागि रु.६,४६,०००।००(कर सहित) कार्यसम्पादनमा आधारित अनुदान उपलब्ध गराएको छ ।उक्त विद्यालयले प्राप्त अनुदान रकमबाट कार्यक्रम कार्यान्वय पुस्तिकाले तोके बमोजिम नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका,२०७४ को अनुसुची १ मा उल्लिखित मापदण्ड बमोजिम Physical Lab Materials-६२ प्रकारका र Chemical-१३ प्रकारका आवश्यक औषधी तथा स्वास्थ्य सामाग्री खरिद गर्नुपर्नेमा विद्यालयले विभिन्न २७४ प्रकारका औषधी तथा सर्जिकल सामाग्री खरिद गरेको देखिन्छ । यस सम्बन्धमा पालिकाबाट अनुगमन तथा मुल्याङ्कन गरी तोकिए बमोजिमको प्रयोगशाला स्थापना भए नभएको सम्बन्धमा प्रविधिक मुल्याङ्कन सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४६,००० |

१०६ **गरुवा क्याम्पसलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक विद्यालय तहसम्म तलव तथा अन्य विद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। तर यस नगरपालिकाले यस वर्ष पालिकामा सञ्चालित गरुवा क्याम्पसलाई तलव भत्ता प्रयोजनको लागि रु.२९,००,०००।०० अनुदान दिएको पाइयो। यसरी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगवाट समेत अनुदान पाउने अवस्थामा नगरपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई तलव भत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २९,००,००० |

१०७ **थप बालविकास शिक्षक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को कृयाकलाप नं २.८.1 मा स्थानीय तहका लागि प्रारम्भिक बालविकास शिक्षकको स्वीकृत कोटामा परेका बालविकास केन्द्रका शिक्षकलाई संघीय सरकारबाट स्रोत व्यवस्थापन भएको प्रति महिना रु.१०,०००।०० को दरले १२ महिना र चाडपर्व खर्च तथा पोशाक खर्च उपलब्ध हुने र बाँकी रकम पालिकाबाट थप गरी भुक्तानी गर्नुपर्ने तथा स्वीकृत कोटामा नपरेका बालविकास केन्द्रको हकमा स्थानीय तहको आफ्नै स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले प्रारम्भिक बालविकास शिक्षकको स्वीकृत कोटामा परेका त्रिभुवन आ.वि. (विद्यार्थी संख्या २२), विरेन्द्र मा.वि. (५४), जनसिद्व आ वि (२९) गरी तीन विद्यालयमा पालिकाको तर्फबाट थप १ बालविकास शिक्षक नियुक्त गरी प्रति विद्यालय रु.२,३४,९००।०० को दरले रु.७,०४,७००।०० तलव भत्ता खर्च लेखेको पाइयो। यसरी दुई जना बालविकास शिक्षक नियुक्त भएका तीन विद्यालयमध्ये विरेन्द्र मा.वि. मा बालविकासका विद्यार्थीसंख्याको आधारमा दुई शिक्षक हुनु औचित्यपूर्ण देखिन्छ भने अन्य दुई विद्यालयमा दुई शिक्षक आवश्यक देखिंदैन। अतः पालिकाले दुई विद्यालयमा अनावश्यक बालविकास शिक्षक नियुक्त गरी तलब भत्ता भुक्तानी गरेको रु.४,६९,८००।०० को औचित्यता पुष्टी हुन नसकेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६९,८०० |

१०८ **शिक्षक दरबन्दी र पदपुर्ति**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी, अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ। साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँट भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।

| क्र स | विद्यालयको नाम | वडा | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहात | pcf | अस्थायी लियन | जम्मा पदपूर्ती | रिक्त दरबन्दी | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी सं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अम्लिसे भञ्ज्याङ आ.वि. | माई–१ | ० | ३ | ० | ० | ० | ० | ३ | ० | ३ | १ | ५८ |
| २ | आदर्श आ.वि. | माई–९ | १ | २ | ० | १ | ० | ० | ३ | ० | ३ | १ | ६० |
| ३ | आदर्श बुद्ध आ.वि. | माई–१ | १ | २ | ० | १ | ० | ० | ३ | ० | ३ | १ | ४२ |
| ४ | कञ्चन आ.वि. | माई–२ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | कञ्चनजंघा आ.वि. | माई–७ | ० | ० | | १ | ० | ० | १ | ० | १ | १ | १२ |
| ६ | कन्काई मा.वि. | माई–२ | ० | १८ | ६ | १ | ० | ० | २५ | ० | २५ | २ | ७४६ |
| ७ | कन्काई सरस्वती आ.वि. | माई–२ | ० | ० | ० | १ | ० | ० | १ | ० | १ | १ | ६ |
| ८ | कामना आ.वि. | माई–२ | १ | ३ | ० | १ | ० | ० | ४ | ० | ४ | १ | ५७ |
| ९ | कृष्ण मा.वि. | माई–५ | ० | ३ | ३ | ३ | ० | ० | ९ | ० | ९ | २ | १३३ |
| १० | कैलाश आ.वि. | माई–१० | २ | ३ | ० | ० | ० | ० | ३ | ० | ३ | १ | ९५ |
| ११ | गंगादेवी आ.वि. | माई–५ | ० | २ | ० | ० | ० | ० | २ | ० | २ | १ | ३३ |
| १२ | गरुवा आ.वि. | माई–४ | १ | ६ | ० | ० | ० | ० | ६ | ० | ६ | १ | ३०७ |
| १३ | गुनमुने आ.वि. | माई–९ | १ | ३ | ० | १ | ० | ० | ४ | ० | ४ | १ | ७७ |
| १४ | गौरीशंकर आ.वि. | माई–८ | १ | १ | ० | ० | ० | ० | १ | ० | १ | १ | २८ |
| १५ | चन्द्रज्योति आ.वि. | माई–३ | ० | ३ | ० | २ | ० | ० | ५ | ० | ५ | १ | ८९ |
| १६ | चन्द्र सूर्य आ.वि. | माई–१ | १ | २ | १ | १ | ० | ० | ४ | ० | ४ | १ | ५८ |
| १७ | जनकल्याण आ.वि. | माई–५ | ० | ३ | ० | १ | ० | ० | ४ | ० | ४ | १ | ६६ |
| १८ | जनता मा.वि. | माई–९ | ० | १३ | १ | ० | ० | ० | १४ | ० | १४ | २ | २७४ |
| १९ | जनता आ.वि. | माई–८ | १ | २ | ० | ० | ० | ० | २ | ० | २ | १ | २५ |
| २० | जन सिद्ध आ.वि. | माई–८ | १ | ३ | ० | १ | ० | ० | ४ | ० | ४ | १ | ७५ |
| २१ | जनसेवक आ.वि. | माई–९ | १ | २ | ० | १ | ० | ० | ३ | ० | ३ | १ | ४३ |
| २२ | जोर पोखरी आ.वि. | माई–८ | ० | ० | ० | १ | ० | ० | १ | ० | १ | १ | १७ |
| २३ | त्रिभुवन आ.वि. | माई–४ | १ | ३ | १ | २ | ० | ० | ६ | ० | ६ | १ | ८७ |
| २४ | दिपज्योति आ.वि. | माई–४ | १ | २ | ० | १ | ० | ० | ३ | ० | ३ | १ | ४० |
| २५ | दिपज्योति आ.वि. | माई–६ | १ | २ | ० | १ | ० | ० | ३ | ० | ३ | १ | ४१ |
| २६ | फूलबारी नमुना आ.वि. | माई–८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | बालकल्याण आ.वि. | माई–२ | १ | १ | १ | १ | ० | ० | ३ | ० | ३ | १ | ५० |
| २८ | बालकल्याण आ.वि. | माई–८ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २९ | बालप्रगति आ.वि. | माई–५ | १ | १ | ० | ० | ० | ० | १ | ० | १ | १ | २१ |
| ३० | बालमन्दिर आ.वि. | माई–३ | ० | ३ | ० | ० | ० | ० | ३ | ० | ३ | १ | ४१ |
| ३१ | बुद्ध आ.वि. | माई–७ | १ | ४ | ० | १ | ० | ० | ५ | ० | ५ | १ | ११७ |
| ३२ | भगवती मा.वि. | माई–६ | १ | ५ | २ | ६ | ० | ० | १३ | ० | १३ | २ | ३०३ |
| ३३ | भगवती सिद्ध आ.वि. | माई–१ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | युवावर्ष मा.वि. | माई–१ | १ | ६ | ० | ५ | ० | ० | ११ | ० | ११ | २ | २१६ |
| ३५ | लक्ष्मी आदर्श मा.वि. | माई–८ | २ | ८ | १ | ५ | ० | ० | १४ | ० | १४ | २ | ३११ |
| ३६ | लक्ष्मी जनता आ.वि. | माई–५ | १ | ० | ० | १ | ० | ० | १ | ० | १ | १ | ३४ |
| ३७ | लक्ष्मी विद्या भवन आ.वि. | माई–५ | १ | ६ | ० | १ | ० | ० | ७ | ० | ७ | १ | ७८ |
| ३८ | विन्ति विनायक आ.वि. | माई–६ | २ | ५ | ० | २ | ० | ० | ७ | ० | ७ | १ | १७३ |
| ३९ | विरेन्द्र मा.वि. | माई–७ | १ | १० | ० | १ | ० | ० | ११ | ० | ११ | २ | ३७३ |
| ४० | शान्ति आ.वि. | माई–५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४१ | शिशुसेवा मा.वि. | माई–२ | २ | ७ | ० | ३ | ० | ० | १० | ० | १० | २ | १९४ |
| ४२ | श्रीजंघा आ.वि. | माई–६ | १ | १ | ० | १ | ० | ० | २ | ० | २ | १ | ४२ |
| ४३ | संकल्प आ.वि. | माई–५ | ० | १ | १ | १ | ० | ० | ३ | ० | ३ | १ | ५२ |
| ४४ | सरस्वती मा.वि. | माई–३ | ० | ७ | ० | ५ | ० | ० | १२ | ० | १२ | २ | १९५ |
| ४५ | सिंहआदर्श आ.वि. | माई–१० | १ | ७ | ० | १ | ० | ० | ८ | ० | ८ | १ | ९१ |
| ४६ | सिंहदेवी आ.वि. | माई–६ | १ | १ | १ | ० | ० | ० | २ | ० | २ | १ | १४ |
| ४७ | सिंहदेवी आ.वि. | माई–४ | १ | १ | ० | ० | ० | ० | १ | ० | १ | १ | १६ |
| ४८ | सूर्योदय आ.वि. | माई–५ | ० | ४ | १ | १ | ० | ० | ६ | ० | ६ | १ | १०७ |
| ४९ | हिमालय मा.वि. | माई–१० | १ | ७ | २ | ० | ० | ० | ९ | ० | ९ | २ | १७२ |
| जम्मा | | | ३४ | १६६ | २१ | ५६ | ० | ० | २४३ | ० | २४३ | ५४ | ५०६९ |

**१०९ विद्यालय अनुदान निकासाको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले अन्तरगतका आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम

नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन। साथै लेखापरीक्षण अवधिसम्म विद्यालयहरुको लेखापरीक्षण भएको देखिएन। पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ।

११० **विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले आ.व.२०८०।८१ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

१११ **पाठ्यपुष्तक वितरण**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.८.३ को उपक्रियाकलाप ३.१ मा स्थानीय तहले EMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ। साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत ४४ विद्यालयको नाममा रु.२६,५६,७०५।०० पठाएको छ। दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा नयाँ विद्यार्थी भर्नाको यकिन गरेको पाइएन । अतः पाठ्यपुस्तक खरिद गरेको विललाई मात्र आधार मानी निःशुल्क पाठ्यपुस्तक अनुदान वापत विभिन्न ४४ विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रकम पाठ्यपुस्तक खरिद गरी EMIS प्रणालीमा व्यवस्थित गरी विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ।

११२ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई तोकिए बमोजिम वार्षिक १० महिनाको प्रति महिना १६ पिसको दरले वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नित्य श्री सप्लायर्सबाट १४०७६ थान सेनिटरी प्याड रु.९,९८,८८९.२६ मा खरिद गरेको छ । पालिकाले गत वर्षको मौज्दात शुन्य रहेको र यस वर्षको खरिद गरेको सबै प्याड विद्यालयलाई उपलब्ध गराएको विवरण पेश गरेतापनि उक्त प्याड तोकिए बमोजिमका विद्यार्थिले समयमा पाए नपाएको सम्बन्धमा कुनै विवरण विद्यालयले पेश गरेको देखिएन तसर्थ उक्त प्याड विद्यार्थिले तोकिए बमोजिमको गुणस्तर र परिमाणमा समयमै पाए नपाएको सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

११३ **दिवा खाजा कार्यक्रम**

कार्याक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को २.८.७ क्रियाकलापको बुँदा नं ङ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल

विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थीका लागि दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विधार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ। साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत पालिकाका ४४ विद्यालयलाई रु.४८,४९,६६५।०० निकासा गरेको पाइयो। पालिकाले पेश गरेको तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई अनुदान प्रतिवेदन २०८०।८१ अनुसार नगरपालिका भित्रका प्र अ बैठकले निर्णय गरे अनुसार जंक फुड पूर्ण रुपले विस्थापन गर्न खाजाको विभिन्न परिकारको तालिका बनाएको भए तापनि केही विद्यालयले उक्त तालिका पूर्ण रुपमा कार्यन्वयनमा नल्याई अझै पनि जंक फुड खुवाईरहेको उल्लेख छ। यसरी अनुगमन कार्यलाई थप प्रभावकारी वनाई दिवा खाजाको लागि निकासा भएको रकमको पूर्ण रुपमा सदुपयोग गर्ने गराउनेतर्फ पालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ।

११४ **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद् समयमा सिकाइ** (२८९-२०८१-३-१८):

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ को क्रियाकलाप न.२.८.१४ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद् समयमा सिकाइ निरन्तरताका लागि स्थानीय तहले यस क्रियाकलापमा विनियोजित बजेट खर्च गर्दा अबलम्बन गर्नुपर्ने १३ वटा कार्य प्रक्रियाको बारेमा उल्लेख गरेको छ । जस अनुसार स्थानीय तहले योजनासँग सम्बन्धित दस्तावेजहरुको स्थानीय पदाधिकारी,विद्यालयका प्रअ तथा अन्य स्थानीय तहमा क्रियाशील गैसस लगायतका सरोकारवाला निकायलाई अभिमुखीकरण गरी समन्वय र सहकार्य गर्ने,अन्तरक्रिया गर्ने लगायतका कार्य प्रक्रिया अबलम्बन गर्नुपर्ने उल्लेख गरेकोमा सोहि बमोजिम पालिकाले कार्यक्रम सञ्चालन गर्नुपर्नेमा एकिकृत सिकाई पुस्तक(इसिडि) १२८० थान र कक्षा १ र २ को लागि ७३० थान किताब रु.५,००,०००.०० मा खरिद गरी इसिडिका १०२९ थान र कक्षा १ र २ को लागि ५८५ थान किताब गरी जम्मा १६१४ थान विभिन्न विद्यालयमा र बाँकी ३९६ थान हालसम्म वितरण नगरी पालिकाको स्टोर शाखामा रहेको देखिन्छ । पालिकाले उक्त कार्यक्रम कार्यान्वियन गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ बमोजिम सरोकारवाला निकायलाई अभिमुखीकरण गरी समन्वय र सहकार्य गर्ने,अन्तरक्रिया गर्ने लगायतका कार्य प्रक्रिया अबलम्बन गर्नुपर्नेमा पुस्तक खरिद गरी केहि थान वितरण गरेको र केहि थान बाँकी राखेको कार्य नियमसम्सत नदेखिएको रु. ५,००,०००.००

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

११५ **नगर शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, वाल विकास सहजकर्ता तथा कम्प्युटर शिक्षक समेत गरी नगरबाट व्यवस्थापन १२ शिक्षकको लागि रु.२७,७२,६२३।०० तथा वडाबाट व्यवस्थापन ८ शिक्षकको रु.१०,२१,०००।०० गरी कुल २० शिक्षकलाई राजस्व वाँडफाँट शिर्षकवाट रु.३७,९३,६२३।०० तलब भत्ता अनुदान दिएको पाईयो। यसरी दरवन्दी तथा राहत कोटा प्राप्त नगरेका विद्यालयलाई अनुदान उपलब्ध गराउनसक्ने व्यवस्था भएता पनि उक्त कोटा प्राप्त विद्यालयमा शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण नगरी शिक्षकको तलवभत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत देखिएन। ऐन, नियममा भएको व्यवस्थाको परिपालनामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

११६ **कर कट्टी** (३५-२०८१-३-१६):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,२९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

११७ **औषधि खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका खर्च शिर्षकवाट औषधिजन्य सामग्री¸ किट केमिकल्स लगायत विभिन्न सामग्री खरिद गर्दा वार्षिक खरिद योजना वनाई वोलपत्रको माध्यमवाट एकमुष्ट खरिद गर्नुपर्नेमा सो नगरी विभिन्न आपूर्तकवाट कोटेशनको माध्यमवाट रु.२५९४७३८।०० बराबरको सामग्री खरिद गरेको देखियो ।पालिकाले औषधि खरिद गर्दा वार्षिक रुपमा लागत अनुमान तयार गरी उपयुक्त खरिद विधिको अबलम्बन गरी खरिद गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

| सि.न. | गो.भौ.न/मिति | फर्मको नाम/स्था.ले.न. | खरिद रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ४,२०८०।०८।१८ | जनकल्याण फार्मेसि(३०५१८२७७९) | २५५४३१.०० | |
| २ | ६,२०८०।०९।१६ | डाँफे सर्जिकल सप्लायर्स(६१९०३७७१२) | ८१४४२०.०० | |
| ३ | १०,२०८०।१२।०८ | श्री केमिहब ट्रेडर्स(३०३८३८७२२) | ९७४७९.०० | |
| ४ | ३५,२०८१।०२।२४ | श्री कालिमा ड्रग डिष्ट्रिब्युटर्स(६०३२७६३७२) | ८८१८६४.०० | |
| ५ | ४५,२०८१।०३।१९ | श्री केमिहब ट्रेडर्स(३०३८३८७२२) | ५४५५४४.०० | |

११८ **स्वास्थ्य वीमा**

स्वास्थ्य वीमा नियमावली २०७५ मा प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदान प्राप्त गरी वा आफ्नै स्रोतवाट आर्थिक रुपले विपन्न तथा गरिव लगायतका लक्षित वर्गको लागि स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्नसक्ने तथा सोको लागि नेपाल सरकारले थप योगदान रकम नव्यहोर्ने उल्लेख छ । पालिकाले यस वर्ष विपन्न परिवारको स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत निम्नानुसारका विभिन्न वर्गका व्यक्तिको वीमा गरे वापत स्वास्थ्य वीमा वोर्डलाई रु. ६५,२८,७५०।०० भुक्तानी गरेको पाइयो ।

| क्रम संख्या | विवरण | संख्या | रकम |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयका विद्यार्थी | १५१६ | ५३०६०००. |
| २ | दीर्घ रोगी | ६२ | २१७०००. |
| ३ | अपाङ्ग | ३९ | १३६५००. |
| ४ | महिला स्वास्थ्य स्वयंसेविका | ७६ | १३३०००. |
| ५ | लक्षित वर्ग | २२ | ७७०००. |
| ६ | नियमिति औषधि सेवन गर्ने | ५१ | १७८५००. |
| ७ | गत वर्षको बाँकी | | ४८०७५०. |
| जम्मा | | | ६५२८७५०. |

यसरी पालिकाले सामुदायिक विद्यालयका १५१६ विद्यार्थीको परिवारको वीमा तथा नवीकरण वापत रु.५३,०६,०००।००, ३९ अपाङ्ग परिवारको वीमा तथा नवीकरण वापत रु.१,३६,५००।००, ७६ महिला स्वास्थ्य स्वयंसेविकाको परिवारको वीमा वापत रु.१,३३,०००, २२ लक्षित वर्गको परिवारको वीमा वापत रु.७७००० तथा ५१ जना नियमिति औषधि सेवन गर्ने नागरिकका परिवारको वीमा वापत रु.१,७८,५००।०० गरी कुल रु.६५,२८,७५०।०० खर्च गरेकोमा विपन्न लक्षित वीमा कार्यक्रम भएता पनि वास्तविक विपन्न परिवार पहिचान नगरी वीमा कार्यक्रमा सञ्चालन गरेको पाइयो । यसरी विपन्न परिवारको वीमा कार्यक्रमको लागि विनियोजन भएको रकम खर्च गर्दा वास्तविक विपन्न परिवार एकीन नगरी सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको परिवारको वीमा गर्नुको साथै ७० वर्ष माथीका जेष्ठ नागरिकको वीमाको प्रिमियम नेपाल सरकारले व्यहोरी रहेको अवस्थामा कार्यक्रमको उद्देश्य अनुरुप विपन्न परिवार पहिचान गरी स्वास्थ्य वीमाको दायरामा समेट्नुपर्नेमा सो नगरी पालिकाले दीर्घ रोगी तथा नियमिति औषधि सेवन गर्ने नागरिकलाई यस कार्यक्रममा समेटेको पाइयो । यसरी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा दोहोरोपना हुने सक्ने हुँदा उद्देश्य अनुरुप वास्तविक लक्षित वर्ग पहिचान गरी कार्यक्रम सञ्चालन गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

११९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ राजस्व परामर्श समितिको मिति २०८०।१।१५ को निर्णय बमोजिम मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत एकमुष्ठ अनुमानित रु.५००००००० प्राप्त हुने प्रक्षेपण गरेको देखिन्छ । तथापी स्रोत अनुमान तथा बजेट निर्धारण समितिले समेत आर्थिक वर्ष २०८०।८१ मा रु ५ करोड आय अनुमान गरेकोमा यो वर्ष आन्तरीक राजस्व रु.२,०४,४५,५७७.६९ अर्थात अनुमानको तुलनामा ४०.८० प्रतिशत मात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१२० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | आय प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | १००००००. | ४११८०. | ४.१२ |
| २ | ११३१४ - भुमिकर/मालपोत | २००००००. | ६४५९२६.९५ | ३२.३ |
| ३ | ११३१५ - घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | २०००. | ०. |
| ४ | ११३१७ - वहाल कर | ३०००००. | ३६५५५९.४६ | १२१.८५ |
| ५ | ११३१८ - वहाल विटौरी कर | ५००००००. | ३६४२५५१.२ | ७२.८५ |
| ६ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ५०००००. | ३४००. | ०.६८ |
| ७ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४०००००. | ४४५२७१. | १११.३२ |
| ८ | ११४७९ - अन्य मनोरञ्जन कर | ०.०० | २०००. | ०. |
| ९ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | ५००.०० | ०. |
| १० | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | २३६४०७५. | ०. |
| ११ | ११६९१ - अन्य कर | ३५००००००. | ५०५२४९६.२८ | १४४.३६ |
| १२ | १४२१६ - निजी धारा वापतको शुल्क | ०.०० | २००.०० | ०. |
| १३ | १४२१८ - विद्युत सेवा शुल्क | ०.०० | ३४००. | ०. |
| १४ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ४१२३००३. | ०. |
| १५ | १४२२१ - न्यायिक दस्तूर | १०००००. | ४९००. | ४.९ |
| १६ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ३८००. | ०. |
| १७ | १४२२४ - परीक्षा शुल्क | ०.०० | ६७७००. | ०. |
| १८ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | १०३८६५.३७ | ०. |
| १९ | १४२४२ - नक्सापास दस्तुर | ७९८७५९.०७ | १५५३७.५ | १.९५ |
| २० | १४२४३ - सिफारिश दस्तुर | २५००००००. | १३७४५४३.१६ | ५४.९८ |
| २१ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | ३९१५००. | ७८.३ |
| २२ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५०००००. | १३९०२०. | २७.८ |
| २३ | १४२४९ - अन्य दस्तुर | ४२४१९१८.६ | ३२३२६०. | ७.६२ |
| २४ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ४५१३५०. | ०. |
| २५ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ०.०० | ६६००. | ०. |
| २६ | १४२६५ - अन्य क्षेत्रको आय | ०.०० | ३६३४५. | ०. |
| २७ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | ०.०० | १५००. | ०. |
| २८ | १४५११ - बीमा दावी प्राप्ति | ०.०० | २००.०० | ०. |
| २९ | १४५२९ - अन्य राजस्व | १५००००००. | ४९७२२२. | ३३.१५ |
| ३० | १४६११ - व्यवसाय कर | २००००००. | ८८२७५. | ४.४१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १५१११ – बेरूजू | २००००००. | १५८८९६.७७ | ७.९४ |
| ३२ | १५११२ - निकासा फिर्ता | ०.०० | ८९५००. | ०. |
| **जम्मा** | | **२६८४०६७७.६७** | **२०४४५५७७.६९** | **७६.१७** |

आयको विवरण अनुसार पालिकाले आय शिर्षक नतोकी एकमुष्ठ रु. ५ करोड अनुमान गरेकोमा सुत्र प्रणालीमा रु २,६८,४०,६७७.६७ मात्र आय अनुमान गरेको देखिन्छ । पालिकाले आय अनुमान गरेकोमा सुत्र प्रणालीमा विभिन्न ३२ शिर्षकमा रु. २,०४,४५,५७७.६९ आय प्राप्त गरेको देखिन्छ। जुन वास्तविक आय अनुमानको ४०.८९ प्रतिशत पालिका भित्र रहेका करदाताहरुको अभिलेख नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१२१ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाक्षेत्र वन कार्यालयको अभिलेख बमोजिम ६४ वटा सामुदायिक वन रहेकोमा ३१ सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत गरेको देखिन्छ भने ३३ वटा सामुदायिक वनले कार्य योजना स्विकृत गरेको छैन। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यिवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजस्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन बमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

१२२ **नदीजन्य पदार्थको आय ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च) ले ढुंगा गिट्टी वालुवा जस्ता नदी जन्य पदार्थको दर प्रदेशले निर्धारण गर्ने व्यवस्था छ । यसरी दर निर्धारणको क्षेत्राधिकार नगरसभामा दिएको र निर्धारण भएको दरलाई आधारमानी उत्खनन र संकलनको अनुमति दिने र विक्रीको लागि अनुमति दिने काम नगरपालिकाले गर्नुपर्ने देखिन्छ। यस माई नगरपालिकाले गत वर्ष २०८०।८१ मा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी न्यूनतम रुपमा तोकिएको परिमाणमा ठेक्का पट्टाको माध्यमवाट आय आर्जन गर्ने काम गर्नु पर्नेमा मिति २०८०।११।१ मा ३ वटा खोलामा कुल ४८६०० घनमिटरको कुल ७६३८६२१ (मुअकर वाहेक)को ठेक्का आव्हान गरेको देखियो । सो वोलपत्रमा कुनैपनि वोलपत्र दाता सहभागि भएको देखिएन । सो पश्चात पालिकाले पुन सूचना आव्हान गरेको देखिएन । जसले गर्दा चोरी निकासी बढ्ने, नदीको क्षेत्र परिवर्तन हुने तथा उपयोग गर्न सकिने ढुंगा गिटी वालुवा जस्ता नदीजन्य पदार्थ त्यसै खेर गएको अवस्था देखियो । यसरी श्रोत उपयोग ठेक्का नभएको कारणवाट रु. २७३९६१८२.६० आम्दानी गुमेको अवस्था छ । पालिकाले स्विकृत भएको प्रारम्भिक वातावरणिय मुल्याङ्कन प्रतिवेदन बमोजिम अन्य निकायहरु सँग समेत समन्वय र सहकार्य गरी आन्तरीक आय प्राप्ति गर्नुपर्ने देखिन्छ ।

| क्रम संख्या | नदीको नाम | सामाग्रिको किसिम | न्यूनतम मूल्यांकन परिमाण(बार्षिक) | उठ्ने रकम रु |
|---|---|---|---|---|
| १ | तितिरे गेरुवा दोभान माई (१ स्थान) | गिटि /ढुङ्गा | ८५५ घन मिटर | २११३५८ |
| | | बालुवा | २५६५ घन मिटर | ५४३४९३ |
| | | भरौट | १३६८० घन मिटर | १९३२४२० |
| २ | माइखोला शाखा नदीहरु(विभिन्न ८ स्थान) | गिटि /ढुङ्गा | ४००५.७५ घन मिटर | ९९०२३३ |
| | | बालुवा | १३८३३.६५ घन मिटर | २९३११८७ |
| | | भरौट | ६२२७२.६०घन मिटर | ८७९६५५३ |
| ३ | लोदिया खोला(विभिन्न ४ स्थान) | गिटि /ढुङ्गा | ५५१५.७५ घन मिटर | १३६३५०९ |
| | | बालुवा | १२४२३ घन मिटर | २६३२२८७ |
| | | भरौट | ५६५९९.२५घन मिटर | ७९९५१४२ |
| **जम्मा** | | | | **२७३९६१८२.६०** |

## १२३ राजस्वको लेखाङ्कन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजस्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ। एकीकृत वित्तीय विवरण अनुसार पालिकाले रु.२०,४४५,५७७.६९ आम्दानी देखाएको रकमको म.ले.प. फारामहरु दैनिक वडा कार्यालय तथा पालिकाले असुल गर्ने राजस्वको दैनिक आम्दानी टिपोट, दैनिक दाखिला, मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन। राजस्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजस्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकिन गर्न सकिदैन। राजस्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजस्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

## १२४ आन्तरिक आयको लागत अनुमान

पालिकाको आन्तरीक आय सङ्कलन (ठेक्का वन्दोवस्त) कार्यविधि, २०८० को वुँदा नं ४ मा पालिकाले आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अंक र असुली कार्यतालिका समेत भाएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने ठेक्का बन्दोबस्त गर्नको लागि नगरसभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्ने उल्लेख छ।तर पालिकाले यो वर्ष कार्यविधिमा भएको व्यवस्था विपरीत कार्ययोजना लगायत तयार नगरी नगर कार्यपालिकाको वैठक वाट एकमुष्ठ देहाय बमोजिम कर निर्धारण गरी ठेक्का आव्हान गर्ने निर्णय गरेको देखिन्छ । उक्त कर अनुमानको कुनै आधार समावेश भएको छैन। आन्तरीक आयको लागि आय अनुमान गर्दा विगत वर्षको अनुमान , वास्तविक असुली, वर्तमान कारोवारको अवस्था लगायतको विषयलाई आधार लिई आय अनुमान गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## १२५ पूर्व तयारी

उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को वुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः एकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सवै व्यवस्थाको पालना नगरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान

गरी देहाय बमोजिमका ३ ठेक्का आव्हान गरेको देखियो । मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का वन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

| सि.न. | नदिको नाम | उत्खनन परिमाण(घनमिटर) | लागत अनुमान (मुअकर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | माइखोला | १४८५० | २३,३४,०२३ | |
| २ | लोदीया खोला | १८००० | २८,२९,११८ | |
| ३ | गरुवा खोला | १५७५० | २४,७५,४७९ | |

१२६ **आन्तरिक आय ठेक्का वन्दोवस्त**

माई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) कार्यविधि ,२०८० को दफा ४(ग) मा स्विकृत कार्ययोजना बमोजिम कुनै आन्तरीक आय एकलाख पचास हजार भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्धारा र सो भन्दा वढि उठ्ने भएमा वोलपत्र आव्हान गरी सम्झौता गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष देहाय बमोजिमका आन्तरिक आय ठेक्का लगाएकोमा आन्तरिक आय रु.१ लाख ५० हजार भन्दा बढी उठ्ने ठेक्काको लागि सिलवन्दी दरभाउपत्रको माध्यमवाट ठेक्का वन्दोवस्त गरेको देखियो। उल्लेखित ठेक्का वन्दोवस्त गर्दा समेत सिलवन्दी दरभाउपत्रको कार्यविधिमा व्यवस्था भएको नदेखिएको साथै सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्दा आवश्यक न्युनतम प्रकृयामा देहाय बमोजिमका कमिकमजोरीहरु रहेको देखियो। पालिकाले दरभाउपत्र दाखिला गर्दा वैङ्क जमानतनै नराखी पेश गरेको दरभाउपत्र समेत स्विकृत गरेको नियम सम्मत देखिएन । कानुनमा भएको सवै व्यवस्थाको पालना गरी आन्तरीक आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

| ठेक्का नं | विवरण | न्युनतम ठेक्का रकम (मुकर वाहेक) | कवोल रकम | कैफियत |
|---|---|---|---|---|
| ७ २०८०।८१ | शुक्रवारे पशुपन्छी हाट कर | ४०००००० | ४०११००० | सिलवन्दी दरभाउपत्र आव्हान गरी ठेक्का वन्दोवस्त गरेकोमा ३ वटा फरम सारभुत रुपमा प्रभावग्राही नदेखिएको |
| ६/२०८०।८१ | शेवा शुल्क कर | २६००००० | २६०१००० | कार्यविधि बमोजिम राख्नुपर्ने जमानत वेगरको १ मात्र वोलपत्रदाताको वोलपत्र स्विकृत गरी सम्झौता गरेको |

१२७ **राजस्व वाँडफाँड**

स्थानीय तहले प्रदेश आर्थिक ऐन, २०८० को दफा ६ बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व वाँडफाँड गर्नुपर्ने व्यवस्था छ । पालिकाले वाँडफाँड हुने राजस्व सोझै आन्तरिक राजस्व खातामा दाखिला गरी प्रदेश संचितकोषमा पठाएको नपाइएकोले निम्नानुसारको रकम प्रदेश सञ्चित कोषमा बाँडफाँड गरी पठाउनु पर्ने रु...

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने ४० प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| विज्ञापन कर | ६१२७० | २४५०८ | ० | २४५०८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,५०८ |

१२८ **विज्ञापन कर**

पालिकाको आन्तरीक आय सङ्कलन (ठेक्का वन्दोवस्त) कार्यविधि, २०८० को वुँदा नं ४ (ग) खण्ड क बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचासहजार रुपैया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एकलाख पचासहजार रुपैया भन्दा बढी उठ्ने भएमा बोलपत्र आवहान गरी सम्झौता गर्ने उल्लेख छ । पालिकाले यो वर्ष विज्ञापन कर वापत मुअकर वाहेक रु.१,००,००० असुल गर्ने गरी आय अनुमान स्विकृत गरेकोमा अर्ना हन्टर्स प्रालीको २०८०।७।२१ को निवेदन अनुसार वार्षिक रु.४०२७० मा प्रत्येक वर्ष १० प्रतिशत वृद्धि गर्नेगरी सम्झौता गरेको देखियो । लागत अनुमान भन्दा न्युन मुल्यमा सम्झौता गर्नुको कारण र आधार नखुलेको तथा विना प्रतिस्पर्धा ५ वर्ष अवधिको आय संङ्कलनका लागि सम्झौता गरेको नियम सम्मत देखिएन । पालिकाले यस सम्वन्धमा पुनरावलोकन गरी नियमित गर्नुपर्ने देखिएको रु.

| अनियमित भएको | ४०,२७० |
|---|---|

१२९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च ( अन्तर सरकारी अख्तियारी वाहेक) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७१०९५२५७।४६ | २०४४५५७७.६९ | ४.३४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रिय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.३४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३० **सामुदायिक वन राजस्व न्यून दाखिला**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यक्रम स्विकृतका लागि निवेदन पेश गरेका ३३ सामुदायिक वनको सिफारीस गरेकोमा कार्ययोजना स्विकृतको अभिलेख, लेखापरीक्षण प्रतिवेदन तथा राजस्व असुलीको अभिलेख समेत तयार गरेको देखिएन। लेखापरीक्षणका क्रममा सामुदायिक वनको स्विकृत कार्ययोजना तथा लेखापरीक्षण माग भएकोमा कुल १० सामुदायिक वनको लेखापरीक्षण प्रतिवेदन मात्र पेश भएको छ । यो वर्ष १७ सामुदायिक वन उपभोक्ता समितिले विगत वर्षको विक्री बमोजिम यो वर्ष कुल १८,६९,८९० राजस्व दाखिला गरेको देखिन्छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा गत वर्षको वन पैदावार विक्रीको १० प्रतिशत रकम जम्मा गर्नुपर्नेमा सो भन्दा न्युन राजस्व दाखिला गरेको देखिएको, अन्य सामुदायिक वनको लेखापरीक्षण प्रतिवेदन अनुसार कुल विक्री आय एकीन नगरेको, देहाए बमोजिमका उपभोक्ता समितिबाट नपुग राजस्व रु १६,७७,७२०।– असुल गरी पालिकाले सम्पुर्ण सामुदायिक वन उपभोक्ता समितिलाई करको दायरामा ल्याउने तथा थप राजस्व रकम यकिन गरी असुल गर्नु पर्ने देखिएको रु.

| सिन | उपभोक्ता समुह | कुल वन पैदावार विक्री (२०७९।८०) | बुझाउनुपर्ने राजस्व | भुक्तानी राजस्व रकम | नपुग राजस्व रकम |
|---|---|---|---|---|---|
| १ | मिरमिरे सामुदायिक वन उपभोक्ता समिति | १३०२६९० | १३०२६९ | ० | १३०२६९ |
| २ | फुलवारी नमुना सामुदायिक वन उपभोक्ता समिति | ७३८३७४१ | ७३८३७४ | ० | ७३८३७४ |
| ३ | वगैचा सेरो सामुदायिक वन उपभोक्ता समिति | ११५४३१५ | ११५४३२ | ७७९६९ | ३७४६३ |
| ४ | चुलाचुली सामुदायिक वन उपभोक्ता समिति | १७४६६९६ | १७४६७० | ११४०९५ | ६०५७५ |
| ५ | गैडे सामुदायिक वन उपभोक्ता समिति | ८७०५३३९ | ८७०५३४ | १५९४९५ | ७११०३९ |
| | **जम्मा** | | | | **१६७७७२०** |

| असुल गर्नुपर्ने | १६,७७,७२० |
|---|---|

१३१ **चेप्टी फन पार्कले प्रयोग गरेको सार्वजनिक जग्गा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख तयार गरी त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको वडा नं. २ मा हैप्पी ड्रिम्स चेप्टी प्रा. लि. स्थापना भै

प्रा.लि.ले कुल २१८ रोपनि जग्गा भोगचलन गरेको छ ।उक्त प्रालिको हकभोगकामा रहेको ४१ रोपनि जग्गा बाहेक माईखोलाले ओगटेको समेत सार्वजनिक पर्ति जग्गा १३२ रोपनि र सामुदायिक वन क्षेत्रको ४५ रोपनि समेत गरि कूल जम्मा १७७ रोपनि जग्गा रहेको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी प.सं. अनु ८ च.न.ITH-७९८०-४११३ मिति २०७९/०४/२० गतेको पत्रबाट जिल्ला ईलाम, माई न.पा वडा नं. २ स्थित हैप्पी ड्रिम्स चेप्टी प्रा. लि. को स्वामित्वमा रहेको ४१ रोपनि जग्गा बाहेक अन्य अतिक्रमित सार्वजनिक पर्ती र बन क्षेत्रहरुको जग्गा खाली गराई वन क्षेत्र कायम गरी संरक्षण र सम्बर्धन गर्ने गराउने व्यवस्था हुन भनी निर्णयको पत्राचार भएकव देखिन्छ ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट प्राप्त सुझाव कार्यान्वियन गर्न गराउनका लागि प्रा.लि.ले ओगटेको २१८ रोपनि जग्गा मध्ये सोको स्वामित्व वा हकभोगकामा रहेको ४१ रोपनि जग्गा बाहेक अन्य जरमा माईखोलाले ओगटेको समेत सार्वजनिक पर्ति जग्गा १३२ रोपनि र सामुदायिक वन क्षेत्रको ४५ रोपनि समेत गरि कूल जम्मा १७७ रोपनि जग्गा रहेको तथा सो जग्गामा बनेको सम्पूर्ण संरचना ३५ दिनभित्र हटाई अनिवार्य रुपमा खाली गर्न गराउन पत्राचार भएको देखिन्छ। उक्त प्रालिले ओगटेको सार्वजनिक पर्ती तथा वन क्षेत्रको जग्गा हाल सम्म खाली गरेको अवस्था छैन। सो निर्णय कार्यान्वियन नगराउन भनि उक्त कम्पनी हाल उच्च अदालत विराटनगरको इलाम इजलासमा उत्प्रेषण र परमादेश आदेशका लागि २०८०।२।८ मा निवदेन दर्ता गराएको अवस्था देखिन्छ ।सार्वजनिक जग्गाको लगत तयार गरी सो को संरक्षण र व्यवस्थापन गरी अतिक्रमण हुन नदिने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१३२ **बाँडफाँडबाट प्राप्त हुने विद्युत रोयल्टी**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ७ बमोजिम नेपाल सरकार,प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड गर्न नेपाल सरकारको एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टी अनुसूची-४ बमोजिम विद्युत रोयल्टीको २५ प्रतिशत रकम सम्बन्धित स्थानीय तहको स्थानीय संञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।यस पालिकामा रहेको सानिमा माइ हाइड्रोपावर लिमिटेडले एकिकृत कर प्रणाली(ITS) मा पेश गरेको वित्तीय विवरणको नाफा नोक्सान विवरणको अनुसूची-४.२(Plant Operating Expenses) मा रोयल्टी वापत दावी गरेको खर्च कट्टी रकम बमोजिम यस पालिकाले प्राप्त गर्नुपर्ने २५ प्रतिशत रकम न्युन देखिएकोले सोको सम्बन्धमा पालिकाले एकिन गरी उक्त रोयल्टी रकम प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.न. | आ.व. | वित्तीय विवरण बमोजिम खर्च कट्टी दावी गरेको रोयल्टी रकम रु. | २५ प्रतिशतले हुने रकम रु. | पालिकामा प्राप्त भएको रकम रु. | न्युन प्राप्त रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७८/०७९ | १८७१८५०८.०० | ४६७९६२७.०० | ० | ४६७९६२७.०० | पालिकाको सुत्र प्रणालि बमोजिम २०७९/८० मा प्राप्त गरेको रकम |
| २ | २०७९/०८० | १५२७०८३५.०० | ३८१७७०९.०० | ३२८५०५९.८३ | ५३२६५०.०० | पालिकाको सुत्र प्रणालि बमोजिम २०८०/८१ मा प्राप्त गरेको रकम |
| | **जम्मा रु.** | | | | **५२१२२७७.०००** | |

नोट: सानिमा माइ हाइड्रोपावरले आ.व.२०७८/०७९ मा तिरेको रकम संघीय विभाज्य कोषमा जम्मा हुने र सोको बाँडफाँड पश्चात पालिकाले २०७९/८० र २०७९/८० मा तिरेको रोयल्टी रकम २०८०/०८१ मा पालिकाले प्राप्त गर्नुपर्ने ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,१२,२७७ |

१३३ **विभाज्य कोषको रकम बाडफाँड**

प्रदेश आर्थिक ऐन,२०८० को दफा ७(१) बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि बापतको शुल्क अनुसूची-५ बमोजिम लगाई असुल गरिनेछ। सोहि दफाको उपदफा ४ बमोजिम उपदफा (१) र (५) बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क र जरिवानाको संकलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश संञ्चित कोषमा दाखिला

गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष प्राकृतिक स्रोत(ढुङ्गा,गिट्टी र बालुवा) बाट संकलन गरेको रु.९,८२,४३६.०० मध्ये ४० प्रतिशतले हुने रु३९२९७४ प्रदेश संञ्चित कोषमा जम्मा गरेको देखिएन। उक्त रकम प्रदेश संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९२,९७४ |

### १३४ स्रोत उपयोग

कोशि प्रदेश आर्थिक ऐन,२०८० को दफा ५ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसुची ५ बमोजिम लगाई असुल गरिने र शुल्कको संकलन,नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्ने उल्लेख छ । सोहि ऐनको अनुसुची ५ बमोजिम ढुङ्गा,गिट्टी र ग्राभेलको प्रति क्यु फिट रु.७ को दरले शुल्क लाग्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०८०।१२।३० को तेईसौँ नगर वैठकको निर्णय नं ५ वाट निर्माण व्यवसायी हिम्दुङ्ग एण्ड थोकर सरोज जेभीले पालिकाको क्षेत्रभित्रवाट अनुमती तथा प्रदेश कानुन बमोजिमको राजस्व समेत नवुझाई माई नगरपालिका क्षेत्रवाट उठाउने गिटि ढुङ्गा तथा वालुवा लगायतको स्रोतमा वुझाउनुपर्ने राजस्व नियमानुसार दाखिला गर्न पत्राचार गरेको देखिन्छ। निर्माण व्यवसायीले नगरपालिकाको वडा नं ६ र ७ मा पर्ने आत्मानन्द मार्ग तथा वडा नं ९ र १० मा पर्ने मेची करिडोर सडक निर्माणको लागि स्थानीय स्रोतको उपयोग गरेको परिमाण एकीन गरी राजस्व दाखिला गराउन उपाध्यक्ष श्री हिमा भण्डारीको संयजकत्वमा ५ सदस्यिय समिति गठन गरेको देखिन्छ। सो पश्चात् उक्त समितिले निर्माण व्यवसायीले स्रोतको उपयोग गरेको परिमाण एकीन गरी सोको राजस्व एकीन गरेको देखिदैन। सो समिति गठन पश्चात समितिले गरेको निर्णय माग गरिएकोमा कुनैपनि निर्णय नगरेको मौखिक जवाफ प्राप्त भएको छ। पालिकाले ठेक्का लगाउने डिभिजन सडक कार्यालय इलाम सँग समन्वय गरी प्रयोग भएको गिटी ढुङ्गा वालुवा तथा अन्य प्राकृतिक स्रोतको परिमाण एकीन गर्नुपर्नेमा स्थानीय प्राकृतिक स्रोतको प्रयोग भएतापनि सोका लागि समन्वय तथा पत्राचार गरेको समेत देखिएन। उक्त निर्माण व्यवसायीको विल अफ क्वान्टिटिका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम स्थानिय स्रोतको प्रयोग गर्दा रु.१,०६,३७,४३१.९० राजस्व प्राप्त हुने देखिन्छ। यस सम्वन्धमा पालिकाले छानविन गरी छूट भएको राजस्व तथा अनुमती वेगर स्थानीय स्रोतको उपयोग गरेको सम्बन्धमा पालिकाले छानविन गरी छुट भएको राजस्वको एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु

| सामानको विवरण | हाल सम्म भुक्तानी भएको परिमाण (घनमिटर) | हाल सम्म भुक्तानी भएको परिमाण (घनफिट) | प्रदेश कानुन बमोजिम लाग्ने राजस्व | मुअकर | कुल राजस्व |
|---|---|---|---|---|---|
| ढुङ्गा | १०७०३ | ३७७६०१।८४ | २६४३२१३ | ३४३६१७।७ | २९८६८३०।५५ |
| वालुवा | ३०५१ | १०७६३९।२८ | ६४५८३५।७ | ८३९५८।६४ | ७२९७९४।३१८ |
| गिटि (सववेस सम्म) | २४८०० | ८७४९४४ | ६१२४६०८ | ७९६१९९ | ६९२०८०७।०४ |
| **जम्मा रु.** | | | **९४१३६५६.७** | **१२२३७७५.३७१** | **१०६३७४३१.९०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,३७,४३१ |

### १३५ राजस्व दाखिला

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्याविधि,२०८० को दफा ७ बमोजिम सेवा शुल्क वापत लिइने रकम नगदी रसिद काटि दफा ८ बमोजिमको कोषको बैङ्क खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुने उल्लेख छ । यस वर्ष पालीकासंग रहेका दुईवटा एम्बुलेन्स सञ्चालन गरी सेवा शुल्क वापत रु. ४,७७०००।०० आम्दानी प्राप्त गरी रु. ४,४८,३००।०० मात्र कोषको बैक खातामा जम्मा गरेको देखिन्छ। जसमध्ये प्र.१ ०४ ००१ झ ००४७ नम्बरको एम्बुलेन्सबाट रु.३८४१००।०० सेवा शुल्क प्राप्त भएकोमा रु.३,५५,४००।०० मात्र दाखिला भएको देखिन्छ। बाँकीको रकम एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्याविधि,२०८० को दफा ८ बमोजिम कोषको बैक खातामा आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) बमोजिमको ब्याज सहित एम्बुलेन्स चालक खगेन्द्र राई सँग असूल गर्नुपर्ने रु.

| रसिद काटिएको नाम | रकम रु. | ठेगाना |
|---|---|---|
| छवि माया राई | १२०० | माइ १ |
| पामुना राई | २५०० | माइ ९ |
| नर माया राई | २५०० | माइ ५ |
| सन्चमाया लिम्बु | १५०० | माइ ७ |
| सुवास श्रेष्ठ | १२०० | माइ २ |
| जयमान राई | २५०० | माइ १ |
| मनोज ईदियो | २५०० | माइ ४ |
| गोविन्द वेगर | १२०० | माइ ४ |
| अनिषा राई | ३००० | माइ २ |
| मनिशा सेन्चुरी | १२०० | माइ ४ |
| आएका लिम्बु | २५०० | माइ २ |
| विना श्रेष्ठ | १२०० | माइ ४ |
| लक्ष्मी निरौला | १७०० | माइ २ |
| चन्द्र ब राई | २००० | माइ ९ |
| लक्ष्मी पाण्डे | १७०० | - |
| **जम्मा** | **२८७००.००** | |

| असुल गर्नुपर्ने | २८,७०० |
|---|---|

१३६ **न्यून मनोरञ्जन शुल्क असुली**

प्रदेश आर्थिक ऐन,२०७८ र प्रदेश आर्थिक ऐन,२०७९ को दफा ५(१) बमोजिम कोशी प्रदेशभित्र सञ्चालित हुने मनोरञ्जनजन्य क्रियाकलापमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाई असुल गरिनेछ । त्यस्तै उपदफा २ बमोजिम मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम र अन्यमा मनोरञ्जन स्थल प्रवेश तथा सो भित्रका आन्तरिक मनोरञ्जनात्मक क्रियाकलापहरुका लागि खरीद गरिने टिकटको मुल्यमा समेत लाग्ने र उक्त मनोरञ्जन कर उपदफा ३ बमोजिम उठाएको महिनाभन्दा पछिल्लो महिनाको पच्चिस गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्ने र तोकिएको अवधिमा शुल्क दाखिला नगरेमा वार्षिक १५ प्रतिशको दरले ब्याजसहित असूल गरिने व्यवस्था रहेको छ ।प्रदेश आर्थिक ऐन,२०७८ को अनुसूची-३ बमोजिम फन पार्क,वाटर गार्डेन,बाल उद्यान लगायत मनोरञ्जनात्मक स्थलको प्रवेश लगायतको विभिन्न क्रियाकलापको टिकट मुल्यको २ प्रतिशत र आर्थिक ऐन,२०७९ को अनुसूची-३ बमोजिम ३ प्रतिशत मनोरञ्जन कर लाग्ने व्यवस्था रहेको छ । उक्त आर्थिक ऐन,२०७८/२०७९ को ५(२) बमोजिम मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम भन्ने व्यवस्था गरेको छ । तर पालिकाले एकमुष्ट दर नतोकि मनोञ्जन कर ५ प्रतिशत तोकेकोमा फन पार्कको सम्बन्धमा प्रष्ट उल्लेख गरेको छैन । पालिकाभित्र सञ्चालनमा रहेको ह्याप्पि ड्रिम्स चेप्टि प्रा.लि.(६०९९४०९९८) ले एकिकृत कर प्रणालि(ITS) मा पेश गरेको वित्तीय विवरण तथा आय विवरण बमोजिम निम्न आर्थिक वर्षहरुमा देहाय बमोजिमको मनोरञ्जन शुल्क असुल गरेकोमा सोमा तोकिए बमोजिम मनोरञ्जन कर पालिकामा दाखिला गर्नुपर्नेमा दाखिला गरेको नदेखिएकोले उक्त रकममा ब्याज सहित असुल गर्नुपर्ने रु.

| आ.व. | बिक्रि रकम(VAT Return बमोजिम)रु. | करको दर(%) | लाग्ने कर | तिरेको रकम रु. | न्यून दाखिला रु. | ब्याज वार्षिक १५% | ब्याज सहित तिर्नुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०७८/०७९ | ५३,६१,८६६.०० | २ | १०७२३७.३२ | ५१०९२.८४ | ५६१४४.४८ | २५२६५.०२ | ८१४०९.५ | ३ वर्षको ब्याज हिसाब गरिएको |
| २०७९/०८० | १,५२,७४,०५६.०० | ३ | ४५८२२१.६८ | ० | ४५८२२१.६८ | ६८७३३.२५ | ५२६९५४.९३ | २ वर्षको ब्याज हिसाब गरिएको |
| | **जम्मा** | | | | | | **६०८३६४.४३** | |

नोट:२०८०/२०८१ को आय विवरण पेश नगरेकोले सोको तथ्याङ्क प्राप्त नभएकोले उल्लेख गरिएको छैन।

| असुल गर्नुपर्ने | ६,०८,३६४ |
|---|---|

१३७ **राजस्व प्राप्ती**

प्रदेश आर्थिक ऐन,२०८० को दफा ७(१) बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि बापतको शुल्क अनुसूची-५ बमोजिम ढुङ्गा,गिटी,रोडा,ग्रावेल,चट्टान लगायतमा प्रति क्यू.फिट रु.७ र बालुवा को प्रति क्यू.फिट रु.६ को दरले असुल गरिने व्यवस्था रहेको छ। तर पालिकाले ढुङ्गा,गिटी र बालुवाको प्रति ट्याक्टर रु.२००।०० को दरले यस वर्ष विभिन्न आयोजनाको रकम भुक्तानीको बखत अन्य कट्टी उल्लेख गरी रु.९,८२,४३६.०० संकलन गरेको सुत्र प्रणालिमा देखिन्छ । पालिकाले प्रति ट्याक्टर अर्थात १०० क्यू.फिट(एक ट्याक्टरमा करिब १०० क्यु.फिट बालुवा/ढुङ्गा/गिटी अटाउने) को जम्मा रु.२०० मात्र उठाने गरेकोमा उक्त रकम प्रदेश कानुन बमोजिमको प्रति ट्याक्टर रु.७००।०० हुन आउँछ । यसबाट पालिकाले संकलन गरेको रकम प्रति ट्याक्टर रु.५०० न्युन अर्थात संकलन हुनुपर्ने रकम भन्दा ७१.४३ प्रतिशत न्युन हुदाँ पालिकोले संकलन गरेको रु.९,८२,४३६.०० जम्मा २८.५७ प्रतिशत मात्र हुन आउँछ तसर्थ पालिकाले यस वर्ष उठाउँनुपर्ने भन्दा रु.२४,५६,२६१.९३ न्यून शुल्क संकलन गरेको देखिएकोले पालिकाले यस सम्बन्धमा छानविन गरी संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१३८ **मुअकर दाखिला**

पालिकाले असुल गरेको मुअकरको रकम सम्बन्धीत राजस्व शिर्षकमा दाखिला गर्नुपर्दछ। पालिकाले यो वर्ष विज्ञापन कर वापत अर्ना हन्टर्स प्रालीवाट प्राप्त भएको रु ४०,२७० मा प्राप्त गर्नुपर्ने मुअकर रु.५,२३५।१० असुल भएको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | ५,२३५.१ |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : माई नगरपालिका, इलाम , माई नगरपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेन्द्र विश्वकर्मा | २०७९-१२-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अशोक कट्टेल | २०७६-११-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,७६२,५५६.१ | ३५,०१४,९०२ | २६,०४८,८२२.२२ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६५,८२६,२८०.३२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८४७,३५६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६४,९७८,९२४.३२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७१०७०२४८.४७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९५००१५६५.१७ | चालु खर्च | ४७३७३८२७२.७३ |
| प्रदेश सरकारबाट अनुदान | ३०२४९०१९ | पूँजीगत खर्च | २०७२५६७८४ |
| राजश्व बाँडफाँट | १०३९६३७१६.८३ | वित्तीय/अन्य व्यवस्था | ५८२१६३१.०३ |
| आन्तरिक आय | २०४४५५७७.६९ | | |
| अन्य आय | ०.० | | |
| कुल आय | ६४९६५९८७८.६९ | कुल खर्च | ६८६८१६६८७.७६ |
| बाँकी मौज्दात | | ३३९१३४३९.४ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण गरी कानुनले तोकेको अवधिमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पताल लगायत सम्पुर्ण अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट भएको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।